# अध्याय एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ५ को मेरो नेपाली किताबमा समाविष्टकथाहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोध पत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश (नेपा. शि.५९८) को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

अनुसन्धान निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या वा अनुसन्धानको विषयवस्तु भन्ने बभ्नु पर्छ । समस्याकथन भनेको शोधशीर्षकले समेट्ने विषय प्रश्न हो । यसमा सोधिने प्रश्न जिज्ञासामूलक हुन्छ । समस्याकथनात्मक प्रश्नमा आधारित हुन्छ । समस्याकथन उद्देश्यसँग सम्बन्धित हुन्छ । उद्देश्य उन्मुख हुन्छ । उद्देश्य प्राप्ति तर्फ केन्द्रित हुन्छ । हामीले अनुसन्धान गर्न लागेका शोधपत्रको समस्या कस्तो प्रकृतिको छ, समस्या कस्तो प्रकारको छ भन्ने विवरण वा खुलासा समस्याकथनमा हुन्छ ।त्यसैले समस्याको पहिचान गर्न सकिएन भने अनुसन्धान परिणाममुखी हुँदैन । अनुसन्धान कार्यमा समस्याको पहिचानलाई जटिल कार्य मानिन्छ । समस्या र उद्देश्यको निर्धारणपछि मात्र अरू अङ्गहरूको महत्त्व भल्किन्छ । समस्याकथन प्रश्नात्मक वाक्यमा, निर्णयात्मक वाक्यमा निर्माण गर्नु पर्छ र दोहोरो अर्थ नलाग्ने हुनु पर्छ ।

प्रस्तुत अध्ययन मुख्यतः निम्नानुसारका समस्याहरूमा केन्द्रित रहेको छ :

१) मेरो नेपालीपाठ्यपुस्तकमा समाविष्ट कथाहरू शिक्षणीय दृष्टिले के कस्ताछन् ?

२) पाठ्यपुस्तकमा समाविष्ट कथाहरू शिक्षणीय दृष्टिले के कस्ता मापदण्ड निर्धारण गर्दछ ?

३) पाठ्यपुस्तकमासमाविष्ट कथाहरू शिक्षणीय दृष्टिले के कस्ता समस्या र कठिनाइ स्तर रहेका छन् ?

४) यसरी समस्या समाधान गर्नका लागि के कस्ता कार्य अवलम्बन गरिनु पर्दछ ?

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(अ) भाषिक सिपविकासको दृष्टिले कक्षा ५ को नेपाली पाठ्यपुस्तकमा समाष्टि कथाहरूको विश्लेषण गर्नु ,

(आ) छनोट र स्तरणका आधारमा कथाहरूको विश्लेषण गर्नु ,

(इ) कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु ,

(ई) कक्षा ५ को पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूमा सुधारात्मक सुझाव दिनु ।

## १.५ अध्ययनको औचित्य

प्राथमिक तहको कक्षा ५ को 'मेरो नेपाली किताब' मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन गर्दा भाषिक सिप विकासका लागि विभिन्न कमीकमजारी पहिल्याउन सकिन्छ । कक्षा ५ को 'मेरो नेपाली किताब'मा समाविष्ट कथाहरूले नेपाली भाषा शिक्षणको उद्देश्य पुरा गर्न सके नसकेको यस शोधपत्रमा अध्ययन गरिने छ । त्यस्तै कथाहरू स्तर अनुरूप भए नभएको, भाषिक सिप विकास गर्न सक्षम भए नभएको कक्षाको पाठ्यपुस्तकमा के कस्ता भिन्नता छन् ? के कस्ता कमीकमजोरीहरू छन् ? शिक्षणीय दृष्टिले कक्षा ५ को 'मेरो नेपाली किताब'को कथामा के कस्तो सुधारको खाँचो छ ? सो औल्याउने काममा शोधपत्रमा केन्द्रित हुने छ ।

यस सन्दर्भमा पूर्व भिन्न भिन्न कथाहरूको विश्लेषणात्मक अध्ययन अनुसन्धान कोहीँ कसैबाट नभएकाले यस अध्ययनका आफ्नै महत्त्व छ । यस अध्ययनले भावी भाषा पाठ्यपुस्तक निर्माता तथा सम्बन्धित निकायलाई पाठ्यपुस्तकमा विभिन्न साहित्यिक विधाहरू समावेश गरी पाठ्यक्रमको मर्म र आवश्यकताको सिप विकास गर्ने ध्येयका परिप्रेक्ष्यमा कुन तह , कुन कक्षाका लागि के कस्ता कथाहरू समावेश गर्नु उपयुक्त हुन्छ भन्ने बारेमा आवश्यक सुझाव प्राप्त हुने विश्वास लिइएको छ । त्यसै बमोजिम भाषा शिक्षणलाई गति प्रदान गर्न यस अध्ययनको निचोडले आवश्यक कुरा दिने विश्वासमा यस अध्ययनको औचित्य रहने छ । साथै भाषा पाठ्यपुस्तकमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप नभएमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पुरा नभइ भाषिक असक्षमता देखा पर्न सक्दछ । त्यसैले पाठ्यपुस्तकमा भएका कमीकमजोरीलाई निराकरण गर्दै लैजान र भविष्यमा निर्माण गरिने पाठ्यपुस्तकलाई स्तरयुक्त तुल्याउन सम्बद्ध पक्षमा अध्ययन भइरहनु पर्दछ । त्यसै सापेक्षमा यस अध्ययनलाई औचित्यपूर्ण ठानिएको छ ।

## १.६ अध्ययनको सीमा

यस शोधपत्रमा प्रवेश नगरिएको कार्यक्षेत्र र लिएको कार्यक्षेत्रको परिधि वा सीमा नै अध्ययनको सीमाङ्कन हो । जसमा यी यी कार्य गर्न सकिन्छ भनी उल्लेख गरिन्छ । सीमाको निर्धारण पहिले नै निश्चित भएमा गर्नु पर्ने दुविधा मुक्त हुन्छ ।

(अ) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुरद्वारा प्रकाशित स्वीकृत प्राप्त कक्षा ५ को 'मेरो नेपाली किताब'का कथा विधामा सीमित रहने छ ।

(आ) यो अध्ययन पाठ्यपुस्तकभित्र दिइएका कथाहरूको संरचना, सिप, अभ्यास र सिर्जनात्मक जस्ता शिक्षणीय तत्त्वहरूका आधारमा विश्लेषण, वर्गीकरण गर्ने, स्तर निर्धारण गर्ने अध्ययनको सीमा रहने छ ।

## १.७ अध्ययन विधि

यस अध्ययनको मूल सामग्री कक्षा ५ को 'मेरो नेपाली किताब'मा समाविष्ट कथाहरू रहेका छन् । यस अध्ययन कार्यमा पुस्तकालयीय विधि अवलम्बन गरिने छ । यसरी सैद्धान्तिक आधारका रूपमा पूर्वकार्यको समीक्षा लिइ र विभिन्न विशेषज्ञ, शिक्षाविद्हरूको आवश्यक सल्लाह सुझावलाई मध्यनजर गर्दा पुस्तकालयीय विधिमा निम्न बुँदाहरूको प्रयोग गरिने छ ।

१) सामग्री निर्माण

२) तथ्याङ्क सङ्कलन तथा प्रशोधन

३) व्याख्या तथा विश्लेषण

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत प्राथमिक तहको अनिवार्य नेपाली पाठ्यपुस्तक ( कक्षा ५मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन ) शीर्षक शोधपत्रलाई जम्मा चार परिच्छेदमा विभाजन गरिएको छ । सो विभाजन निम्नानुसार तल दिइएको छ ।

### (अ) पहिलो परिच्छेद

यस परिच्छेदमा शोधको परिचय अन्तर्गत यसमा शोध शीर्षक, शोधपत्रको प्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको विधि, अध्ययनको सीमा र शोध पत्रको रूपरेखा समावेश गरिएको छ ।

### (आ) दोस्रो परिच्छेद

यस परिच्छेदमा कथाको सैद्धान्तिक परिचय, पूर्वीय र पाश्चात्य साहित्यकारहरूले दिएका परिभाषा, कथाका तत्त्वहरू, कथाका प्रकार, कथाको अन्य विधासँगको सम्बन्ध, भाषा शिक्षणमा कथा शिक्षणको प्रयोजन र कक्षा ५ मा कथा शिक्षणका प्रयोजनपरक उद्देश्यहरू समावेश गरिएको छ ।

**(इ) तेस्रो परिच्छेद**

यस परिच्छेदमा कक्षा ५ का कथाहरूको विश्लेषणात्मक खण्ड समावेश गरिएको छ । पाठ्यक्रम अनुरूपताका आधारमा सिपगत दृष्टिले कथाको विश्लेषणात्मक नमुना अभ्यासको विश्लेषण, विषयवस्तुका आधारमा छनोट र स्तरण भाषा शिक्षणीय दृष्टिले उद्देश्य अनुरूपताका आधार जस्ता शीर्षकको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**(ई) चौथो परिच्छेद**

यस परिच्छेदमा (कक्षा ५) प्राथमिक विद्यालय तहका लागि उपयुक्त हुने कथाहरू समावेश गर्न , सुझाव सहित शोधपत्रलाई टुङ्ग्याइएको छ । अन्तमा सन्दर्भ सूची तल दिइएको छ ।

# अध्यायदुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक परिचय

## २.१पूर्वकार्यको अध्ययन

कुनै पनि कार्यको थालनी गर्नु पूर्व त्यस सम्बन्धि भए गरेका कार्यको अध्ययन गर्नु उपयुक्त हुन्छ । कक्षा ५ का कथाहरूको विश्लेषणात्मक अध्ययन नभएता पनि सोसँग सम्बन्धित अध्ययन कार्य के कस्ता सम्पन्न भएका छन् । सोको चर्चा गर्नु सान्दर्भिक ठहर्छ । कथाका सम्बन्धमा निम्नलिखित कार्यहरू भएका पाइन्छन् ।

भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा विभिन्न पक्षको समीक्षा गरेको पाइन्छ । उक्त समीक्षामा कथा विधाको पनि चर्चा पाइन्छ । यी चर्चाहरू प्राथमिक तहमा समाविष्ट भाषा पाठ्यपुस्तकका कथाहरू स्तर सुहाउँदा नभएका ती कथाहरूले पाठ्यक्रमको उद्देश्यलाई समेट्न गरी नराखिएको र सैद्धान्तिक पक्षलाई मात्र जोड दिने खालका भएको सङ्केत गरिएको छ । उपयुक्त विभिन्न अध्ययनको समीक्षाबाट के देखिन्छ  भने नेपालीमा कथा सम्बन्धी कक्षागत अध्ययन विश्लेषण भए पनि ज्यादै नगण्य मात्रामा मात्रै भएका छन् । यसरी पाठ्यक्रम उद्देश्य अनुरूप पाठ्यपुस्तकमा राखिने कथाहरू खास अध्ययन अनुसन्धानमा आधारित नभएर लेखकका आआफ्ना आग्रह अनुसार मात्र प्रस्तुत गर्ने गरिएको देखिन्छ । यसले थोरै मात्रामा अनुसन्धान क्षेत्रलाई मद्दत पुऱ्याउँछ भन्ने आशा राख्न सकिन्छ

कक्षा ६ र ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन (बोहरा, २०६७) नामक शोध पत्रमा कथाको पाठ्यक्रम अनुरूप पहिल्याउनु , कथाको संरचना तथा भाषिक पक्ष, नमुना अभ्यास, सिपगत, सिर्जनात्मक, शब्द भण्डारगत र भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी रहेर वर्गीकरण र विश्लेषण गरि त्यसमा भएका कमीकमजोरी पहिल्याइ आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू राखि अध्ययन गरिएको देखिन्छ ।

कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका पाठहरूको विश्लेषणात्मक अध्ययन (अधिकारी, २०५५) नामक शोध पत्रमा कथाको सिपगत , अभ्यासगत, शब्द भण्डारगत, शब्दको स्रोत, शब्द वर्ग र भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी संरचनाका हिसाबले वर्गीकरण तथा विश्लेषण गर्नु, कमीकमजोरीहरू औल्याउनु, उपयुक्त संयोजन गर्नु, आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू राखेर अध्ययन गरिएको देखिन्छ । उक्त माध्यमका उद्देश्यहरू पूर्ण गर्न अध्ययनका सीमाहरूमा कथाको सिप शब्द भण्डार र संरचना जस्ता शैक्षिक तत्त्वका आधारमा दाँज्नु, वर्गीकरण गर्नु, स्तर निर्धारण गर्नुका साथै पाठ्यक्रमा आधारित नेपाली पाठ्यपुस्तकमा भएका कमीकमजोरी औल्याइ सुधारका लागि सुझाव दिएको पाइन्छ ।

डा. हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माद्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा कथा शिक्षणको औचित्य, भाषा तत्त्वको विकासमा कथाको उपयोगिताबारे चर्चा गरिएको छ । सो पुस्तकमा विद्यालय तहमा राखिएका लोककथा, आधुनिक कथा जस्ता कथाहरू पढेर, सुनेर तिनका खास पात्र र घटनाहरू परिवर्तन गरेर त्यसै किसिमका अर्का बनाइ र त्यहीँ कथा अर्को प्रसङ्गमा लिखित रूप प्रस्तुत गरेर शिक्षार्थीलाई प्रोत्साहन गरी सिर्जनात्मकतातर्फ प्रेरित गर्न सकिन्छ भन्ने शिक्षा दिएको पाइन्छ । त्यसैले पनि कथा शिक्षणको महत्त्व स्पष्ट हुन्छ ( अधिकारी र शर्मा २०५७ : १२८ ) ।

शोधार्थी टीकादत्त पोखरेलले माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन (२०५५) नामक शोध पत्रमा दिइएका कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउन, निर्धारित कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नु, मूल पाठको प्रयोजन अनुसार अभ्यासको विश्लेषण गर्नु, छनोट र स्तरणगतका आधारमा कथाको समीक्षा गर्नु र निम्न माध्यमिक तहका लागि उपयुक्त हुने कथाहरू समावेश गर्न सुझाव दिनुजस्ता उद्देश्यहरू राखेर अध्ययन गरिएको देखिन्छ ।

उक्त उद्देश्य पुरा गर्न अध्ययनका सीमाहरूमा कथाको संरचना वाक्य गठन, व्याकरण पाठको प्रयोजन अनुसार अभ्यासको विश्लेषण, भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजनका साथै छनोट र स्तरणका आधारमा कथाको समीक्षा भनी सीमित गरिएको छ ।

निर्ष्कषमा हेर्दा पाठ्यक्रमअनुसार विषयवस्तु चयन नभएको, कथाको संरचनाको आधारमा समय विभाजन नमिलेको, कतिपय कथा अत्यधिक लामो र कतिपय धेरै छोटा भएका, संरचना अनुसार विषयवस्तु चयन नभएको, कथाको संरचनाको आधारमा समय विभाजन नमिलेको, संरचना पक्षलाई जोड दिइएको कथामा प्रयुक्त अधिकांश शब्दहरू धेरै ठाउँमा दाहोरिएका, कतिपय शब्दहरूमा समानार्थ शब्द नदिइएकाले स्तर सुहाउँदो नभएको , निम्न स्तरका बहुविकल्प प्रश्नहरू समावेश नगरिएको, व्याकरण शिक्षणमा पनि एउटै पाठमा एकै किसिमका शीर्षक नभएको, अभ्यासका लागि दिइएका प्रश्नहरूले विषयवस्तुलाई समेट्न नसकेको, शब्दार्थ राखिनु पर्ने, लामा उत्तरात्मक प्रश्न, तार्किक, सिर्जनात्मक र वस्तुगत प्रश्नहरू  राखिनु पर्ने, व्याकरणलाई भाषिक सिपसँगै सम्बद्ध गराउनु पर्ने पाठ्य वस्तुको छनोट र स्तरण विद्यार्थीको रूचि स्तर एवम् कक्षा अनुरूप बौद्धिक खुराक दिने आवश्यकतालाई ख्याल गरी राख्नु पर्ने र कथामा प्रशस्त आकर्षक रङ्गीन चित्रहरू, छपाइको स्पष्टता, कागजको गुणस्तर, अक्षरको लेखाइ समावेश गर्नु पर्ने सुझावहरू दिइएको पाइन्छ ।

यादवप्रकाश लामिछानेद्वारा लिखित 'नेपाली भाषा शिक्षण परिचय' (२०६७) नामक पुस्तकमा भाषा पाठ्यक्रमको सामान्य रूपमा विश्लेषण गरिएको छ । पाठ्यक्रम अनुरूपता, पाठ्य विषयवस्तु र प्रस्तुतीकरणमा उपयुक्त भाषा तत्त्व र अभ्यासमा विद्यार्थी अनुरूप शीर्षकका आधारमा विश्लेषण गरिएको भए तापनि कथाको छुट्टै चर्चा गरिएको पाइँदैन । विश्लेषण गरिएका शीर्षकमा पनि पाठ्यक्रम अनुरूप नै विधाहरूको संयोजन भएको, पाठ्यक्रमले उपेक्षा गरेका सबै उद्देश्यहरू पुरा गराउन सफल रहेको पूर्णतया सकारात्मक पक्षको मात्र व्याख्या गरिएको छ । तर उक्त

समीक्षा उपयुक्त किसिमका मान्न सकिँदैन । पाठ्यक्रम अनुरूप सबै विषयवस्तुको छनौट र स्तरण भएको पाइँदैन ।

कथाका बारेमा भए/गरेका विभिन्न अध्ययनको समीक्षामा नेपाली कथा सम्बन्धी विश्लेषणात्मक अध्ययन भए पनि ज्यादै नगण्य मात्रामा मात्रै भएको पाइन्छ । कक्षा ५ को 'मेरो नेपाली किताब' मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन नामक शीर्षकमा यादवप्रकाश लामिछानेद्वारा लिखित 'नेपाली भाषा शिक्षण परिचय' (२०६७) नामक पुस्तकमा भाषा पाठ्यक्रमको सामान्य रूपमा विश्लेषण गरिएको छ । पाठ्यक्रम अनुरूपता , पाठ्य विषयवस्तु र प्रस्तुतीकरणमा उपयुक्त भाषा तत्त्व र अभ्यासमा विद्यार्थी अनुरूप शीर्षकका आधारमा विश्लेषण गरिएको भए तापनि कथाको छुट्टै चर्चा गरिएको पाइँदैन । विश्लेषण गरिएका शीर्षकमा पनि पाठ्यक्रम अनुरूप नै विधाहरूको संयोजन भएको पाठ्यक्रमले उपेक्षा गरेका सबै उद्देश्यहरू पुरा गराउन सफल रहेको पूर्णतया सकारात्मक पक्षको मात्र व्याख्या गरिएको छ । तर उक्त समीक्षा उपयुक्त किसिमका मान्न सकिँदैन । पाठ्यक्रम अनुरूप सबै विषयवस्तुको छनौट र स्तरण भएको पाइँदैन ।

कथाका बारेमा भए/गरेका विभिन्न अध्ययनको समीक्षामा नेपाली कथा सम्बन्धी विश्लेषणात्मक अध्ययन भए पनि ज्यादै नगण्य मात्रामा मात्रै भएको पाइन्छ । कक्षा ५ को 'मेरो नेपाली किताब' मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन नामक शीर्षकमा आजसम्म कोहीँ कसैबाट अध्ययन अनुसन्धान भएको देखिँदैन । त्यसैले उक्त शीर्षकमा अध्ययन गर्ने चासो गरिएको हो ।

## २.२ कथा विधाको परिचय

संस्कृतको कथ् धातुमा 'अ' प्रत्यय लागि कथ् बनेपछि 'आ' प्रत्यय लागेर कथा बन्दछ । कथा शब्दको अर्थ समयको परिवर्तन सँगै परिवर्तित हुँदै आएको पाइन्छ । कथाको अर्थलाई पहिल्याउने क्रममा लिपिको आविष्कार पूर्व नै मानव सभ्यताको विकासक्रमसँगै भएको हो । सभ्यताको प्रारम्भमा विना बन्धन स्वच्छन्द पंक्षीसरी

उन्मुक्त रहेको अवस्थामा मानिसले एक आपसमा आफ्ना मनका हर्ष, पीडा, दुःख, दर्द आदिलाई अभिव्यक्त गर्ने क्रममा कथाको प्रादुभाव भएकाले यसको परम्परा प्राचीनतम् रहेको पुष्टि हुन्छ ।

साहित्यका विभिन्न विधाहरूमध्ये कथा ज्यादै लोकप्रिय र प्रचलित विधा हो । मानवजीवनको उत्पत्ति र विकास सँगसँगै विकसित हुन पुगेको यो विधाले आरम्भमा श्रुति परम्पराको विकास गरे पनि पछि भाषामा लिपिको विकास भएपछि लेख्य परम्परामा पनि विकसित हुन पुगेको छ । मानवको सृष्टिकालसँगै उत्पत्ति भएको यो विधाको प्रयोग जुनसुकै देश र मानव समुदायमा प्रचलित भाषाहरूमा पाइने दन्त्य कथा वा लोक कथाको माध्यमबाट प्रकट भएको पाइन्छ ।

कुशल व्यक्तिले कुशल ढङ्गबाट कुनै काल्पनिक वा सत्य घटनालाई आख्यानमा बाँधेर पात्रका माध्यमले श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्दै जाने क्रममा कथाको जन्म हुन पुग्यो र कथ्य परम्परामै पनि यसले एउटा निश्चित रूप निर्धारण गर्न थाल्यो (भुसाल, २०६२ : १) ।

कथाले आफ्नै परिवेशको सीमाभित्र स्वतन्त्र र उन्मुक्त रूपले हुर्केको यो एक लचिलो कि वा परिवर्त्य साहित्य रूप हो । सम्भवतः अन्य मुख्य मुख्य विधाहरूभन्दा कनिष्ठ भएर होला । यसले ठूलो बठ्याँइका साथ ती अन्य विधाहरूका गुण र स्वभावलाई आफू भित्र स्वायत्त गरेर आफ्नो मजवुतीलाई निर्वाह गर्न सकेको छ । त्यसैले निरन्तर गतिशील हुने स्वभाव यसले पाएको छ ।

संस्कृत साहित्यमा कथालाई कथागाथा, आख्यान, आख्यारिका, अंग्रेजीमा स्टोरी, टेल, फेबिल, सर्ट स्टोरी, हिन्दीमा कहानी, बङ्गालीमा गल्प र नेपालीमा ‘कथा’ नाम चिनिने आफैमा पूर्ण आख्यानको लघु इतिवृत्त भएको कथा नेपाली साहित्यको प्रचलित र लोकप्रिय विधा हो । पूर्वीय र पाश्चात्य जगतको पुरानो विधा कार्य १९औं शताब्दीका एड्गर एलेन पोले गरेका हुन् ।

यसरी विभिन्न साहित्यिक विद्वान्हरूले अन्य विधाझैँ कथाको पनि सैद्धान्तिक मापदण्ड तयार पारेका छन् । यसै सन्दर्भमा समीक्षकहरूका साथै स्वयम् कथा स्रष्ट्राहरूले समेत धारणा वा प्रतिक्रियाहरू व्यक्त गरेका छन् ।

**पाश्चात्य विद्वान्हरूको परिभाषा**

“कथा भनेका एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ ।”–एड्गर एलेन पो

“निश्चित परिमाणसम्म पुऱ्याउने घटनाको तारतम्यलाई कथा भनिन्छ ।” –फास्टर

“कथा एक चेतनशील साहित्यिक प्रयास हो ।” –आर.के.लग

“कथा मनुष्य जीवनको गति र अनुभवको सशक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्घाटन हो ।” –मेक्सिस गोर्की

यसरी उपयुक्त परिभाषाहरूलाई केलाउँदा कथालाई एउटै चरित्र र एउटै परिस्थितिको सङ्क्षिप्त आयाममा समेटिएको घटनाहरूको कलामय एवम् नाटकीय प्रस्तुतिमा एक प्रभाव उत्पन्न गद्यात्मक अभिव्यक्तिका रूपमा परिचित गरिएको पाइन्छ ।

**पूर्वीय विद्वान्हरूको परिभाषा**

“उपाख्यान आख्यानभित्र स साना कथा हुन् ।” –अमरकोश

“सत्यम्, शिवम् र सुन्दरलाई अभिव्यक्त गर्ने आख्यान नै कथा हो ।” –महाभारत

“सत्य घटनामा आधारित आख्यान कथा हो ।” –भामह

"कथा एउटा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, शैली, कथा विन्यास सबैले एउटै भावको पुष्टि गर्दछन् ।" –प्रेमचन्द्र

यसरी उपर्युक्त पूर्वीय विद्वान्हरूको परिभाषाहरूलाई केलाउँदा कथालाई कथानक चरित्र, वातावरण आदिको सहायताले घटनाहरूको आवश्यक उत्थान र पतनलाई कल्पनात्मकताका साथ वर्णन गरिएको प्रभावात्मक अभिव्यक्तिका रूपमा एउटा गमलामा नै माधुर्यमय, सौन्दर्य उत्पादन गर्ने फूलसँग परिचित गरिएको छ ।

**नेपाली साहित्यकारहरूको परिभाषा**

"कुनै एउटा पात्रको जीवनीको संकटमय घटनालाई कलापूर्ण रीतिले लेख्न नै कथा हो ।" –गुरूप्रसाद मैनाली

"कथामा मानिसको त्यस्तो अवस्था विशेषको अभिव्यञ्जना खास गरी हुन्छ जसबाट त्यस पात्रको स्वभाव अथवा कुनै एक प्रवृति विशेषको परिचय पाठकले पाउँदछन् ।" –रत्नध्वज जोशी

"छोटो किस्सा एउटा सानो आँखी भ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ .... थेरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो .... यो जत्तिको समाज सुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदै छैन् कि भन्नेजस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ .... यसमा कला छ ....यसको ढङ्ग नाटकीय हुन्छ : चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।" –लक्ष्मीप्रसाद देवकोटा

"एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै इष्टार्थ हुनाले कथाले एक प्रमुख पात्रको जीवनको कुनै अनै अङ्गको र त्यस जीवन सम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।" –डा. ईश्वर बराल

यसरी उपर्युक्त नेपाली साहित्यकारहरूको परिभाषाहरूलाई केलाउँदा कथालाई जीवनको कुनै एक मुख्य घटना, भाव दशा वा प्रवृत्ति विशेषको चित्रण गर्दै ; समाज

सुधारकोअपेक्षा राख्दै ; एउटा सानो संसारलाई चियाउने कलामय अभिव्यक्तिका रूपमा परिचित गरिएको अनुभव गर्न सकिन्छ ।

### २.२.१ कथाको रचनाविधान

कथा एक यौगिक रचना हो । सबै अङ्गगत एकाइ तत्त्वहरूको समानुपातिक सिङ्गो योगबाट बन्दछ । ती एकाइहरू बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग अलग छुट्याएर हेर्न युक्तिपूर्ण हुँदैन । यसरी साहित्यशास्त्रीहरूले सुविधाका साथ कथाका तत्त्वहरू भनेर निर्धारण गरेका छन् ।

१) कथावस्तु

२) पात्र र चरित्रचित्रण

३) संवादवा कथोपकथन

४) देश काल र परिस्थिति

५) भाषाशैली दृष्टिविन्दु

कथाको उपर्युक्त तत्त्वविभाजन पुरानो मान्यतामा आधारित छ । वर्तमान सन्दर्भमा नवीन साहित्यशास्त्रीय समालोचनाअनुसार कथाको रचनाविधानलाई संरचना र रूपविन्यास गरी दुई खण्डमा विभाजन गरिएको पाइन्छ ।

#### २.२.१.१कथावस्तु

कथावस्तु कथाको सबैभन्दा वृहत्तम् तत्त्व वा घटक हो । कथामा सबैभन्दा स्थूल र सबल तत्त्वको रूपमा उपस्थिति हुनु हो । कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा र अनुभवको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । कथाको मुल्य निर्धारण तत्त्वले गर्दछ । आधुनिक कथाको धारणा नै कलागत मुल्यमा आधारित छ । यसको अभावमा कथा निर्जीव हुन्छ । कथा वस्तु बहुकोषीयसमष्टि रूप हो । यद्यपि द्वन्द्व एवम् क्रियाव्यापार कथा वस्तुका आधार सामाग्री हुन् ।

आधुनिक कथाका लागि अनिवार्य मानिएको एकाइ निर्माण गर्दा कथाकारले काल र स्थानको अवधारणालाई परिमिति मानेर यस्ता प्रत्येक एकाइमा मुख्यतः द्वन्द्वको युक्तिपूर्ण विकास स्थापित गर्न पात्रको निर्माण गर्नु पर्दछ । यसको संरचनामा प्रारम्भ, मध्य र अन्तको श्रृङ्खलाबद्ध अनुशासन रहेको हुन्छ । कथानकका स्रोत इतिहास, पुराण, समाज यथार्थ, स्वैकल्पना, विज्ञान आदि हुन सक्दछन् ।

### २.२.१.२ पात्र

कथामा देखिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । यसले घरको निर्माण भएझैँ कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणरू क्रियाव्यापार र द्वन्द्व प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्रचित्रणलाई खुबै ध्यान दिएको हुन्छ । कथामा प्रयोग भएका पात्रहरू पुलिङ्ग, स्त्रीलिङ्ग, प्रमुख सहायक/गौण, समाज अनुकूल/प्रतिकूल, वर्गीय/व्यक्तिगत हुन सक्छन् ।

पात्रको सजीवता स्वतन्त्रता नै कथाको प्राण हो । कथामा प्रयुक्त चरित्रहरूलाई प्रमुख/सहायक/गौण/गतिशील/स्थीर/व्यक्तिप्रधान/वर्गप्रधान/सरल/ जटिलर सजीव/निर्जीव आदि रूपमा वर्गीकरण गर्न सकिन्छ । यी सबै किसिमका चरित्रहरूको चित्रणको स्वरूप बाह्य र आन्तरिक किसिमको हुन्छ । निर्जीव वस्तु कथाको पात्र बनेर आएको छ भने आधुनिक कथामा त्यसको चित्रण प्रतीकात्मक ढङ्गले पनि प्रस्तुत गरिएको हुन्छ ।

### २.२.१.३ दृष्टिविन्दु

कथा वस्तुलाई पाठकवर्गका निम्ति संवेद्य एवम् प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टिविन्दु हो । यसले कुनै एउटा विषयमा कथा वस्तुको कल्पना गरिसकेपछि कथाकारसामु के प्रश्न आउँदछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर

त्यस कथा वस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने यस प्रश्नको समाधान नै 'दृष्टिविन्दु' ले गर्दछ । 'दृष्टिविन्दु' ले यही संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य गर्दछ । यस दृष्टिविन्दुलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कुनै पनि कथामा प्रथम पुरूषको भूमिका खेल्ने पात्र, चित्रकारी शैलीको परिवेशको क्षमता भएको मात्र आन्तरिक दृष्टिविन्दु मान्न सकिन्छ भने तृतीय पुरूषको भूमिका निर्वाह गर्ने पात्रको प्रयोग गरेर रचना गरिएको कथालाई बाह्य दृष्टिविन्दुमा आधारित कथा मान्न सकिन्छ ।

दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो । जसकोमाध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँदछ । कथाकार र पाठकवर्गबीचको सम्बन्ध सुत्र नै 'दृष्टिविन्दु' हो । यसैलाई माध्यम बनाएर कथाकारले आफ्नो सामग्रीलाई कथाको आकारमा मूर्तिमान् गर्दछ । दृष्टिविन्दुविना कथामा प्रयुक्त कार्यपीठिका, चरित्रचित्रण, भावपरिमण्डल आदिमा सजीवता आउन सक्दैन । 'दृष्टिविन्दु'कथाको श्रेष्ठता वा उत्कृष्टताको मापक हो ।

यसरी कुनै पनि उत्कृष्ट कथामा स्वयम् कथाकारको ज्ञान, बोध र भावनाको अन्तः सम्बन्ध पात्रसँग रहेको हुन्छ ।

### २.२.१.४ सारवस्तु

कुनै पनि कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछौ, त्यही नै 'सारवस्तु' हो । कथामा कुनै न कुनै विचार वा भावको बीजरूप प्रत्यक्ष रूपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ । कथाकारले त्यस बीज  रूपलाई बिना आग्रहीकरण कथाकारले कुशलतापूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो, त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्दछ । बीज रूप भनेको कथा संरचनाको सौन्दर्यतत्त्व हो । जसलाई हामीले सारवस्तु भनेर चिन्दछौं । यसै अङ्गलाई कथाकारले अभिधात्मक अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्दछ ।

मानवमा रक्त सञ्चार प्रणालीझैँ कथामा सारवस्तु पनि सर्वव्याप्त हुन्छ । यसको स्थितिचाहीँ शाश्वत हुन सक्दछ । प्रसङ्ग विषयक पनि, तर जे भए पनि यसले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ । नदीको पानीभित्र विद्युतीय धार झैँ यस्ता भाव वा विचारले मानव मन वा समाजमा परिवर्तन ल्याउन सक्दछ ।

## २.२.२ रूपविन्यास

कथा वस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै 'रूपविन्यास' हो । रूपविन्यासभित्र कथाका तत्त्वहरू पर्दछन । पदविन्यास, बिम्बप्रधान, व्यङ्ग्य, प्रतीकविधान, तुलना, उपमा, प्राक्सन्दर्भ आदि पर्दछन् । कथाको भाषिक एवम् शिल्प शैलीगत निर्माणमा सहायता गर्ने तत्त्वहरू रूपविन्यासमा पर्ने भएकाले यसले पाठक वर्गलाई प्रभावित पार्ने काम रूपविन्यासले गर्दा नै कथाले आधुनिक कालमा विधागत मान्यता पाएको हो । यसले कथामा कलालाई प्रतिष्ठापित गर्दछ ।

'रूपविन्यास' वैयक्तिक हुने हुनाले यसका संवृत र विवृत गरी दुई स्थितिहरू हुन्छन् । 'संवृत'मा कथाकारले सरल अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको पछि रूपविन्यासलाई लगाइदिएको हुन्छ । 'विवृत'मा कथाकार बारम्बार विशिष्ट प्रकारको अभिव्यक्ति तर्फउन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको हाराहारी वा समान्तर रूपविन्यासलाई पनि उपस्थिति गरिदिएको हुन्छ ।

## २.२.३ पदविन्यास

कथालाईश्रुति मधुर र पढनीय बनाउन पदविन्यासले अहम् भूमिका खेलेको हुन्छ । अलङ्कार युक्त पदहरूको समुचित समायोजन तथा उखान टुक्का युक्त पदावलीको ओजनले कथाको मुधर नै समुज्जवल हुने गर्दछ ।

### २.२.४बिम्ब विधान

कुनै व्यक्ति वा वस्तुको आकृति र त्यस सम्बन्धी अवधारणा आदिलाई मस्तिष्कमा प्रतिच्छायाका रूपमा उतार्ने कार्यलाई बिम्ब भनिन्छ । बिम्ब भनेको मीठो भाषा पनि हो र यसले एउटा निश्चित रूपाकृतिभित्र चित्रकला सदृश दृश्यलाई उभ्याइदिने कार्य गर्दछ ।

### २.२.५ व्यङ्ग्य

अभिधा र लक्षणा शब्दशक्ति भन्दा पर व्यञ्जना शब्दशक्तिको माध्यमबाट अभिव्यक्ति प्रदान गर्ने कार्यलाई व्यङ्ग्य भनिन्छ । कथामा व्यङ्ग्यको महिमामय स्थान रहेको पाइन्छ । कृतिको आन्तरिक  संरचनामा प्रभाव पार्ने व्यङ्ग्यले कथाको कलात्मक मूल्यलाई उचाइमा पुऱ्याउने कार्य गर्दछ ।

### २.२.६ प्रतीक

कुनै मूर्त वस्तुको माध्यमबाट अमूर्त वस्तुलाई प्रस्तुत गर्ने कार्यलाई प्रतीक भनिन्छ । कथामा प्रतीकले संरचनात्मक पक्षलाई सबलीकृत गर्दै पात्रको स्थितिलाई समेत बोध गराउने कार्य गर्दछ । उदाहरणको रूपमा 'पहेँलो गुलाफ' ।

### २.२.७ प्राकसन्दर्भ

कथालाई उच्चता प्रदान गर्ने क्रममा प्राकसन्दर्भको पनि स्थान रहेको पाइन्छ । कुनै प्रसिद्ध व्यक्ति, स्थान, घटना वा मूल्य आदिलाई प्राकसन्दर्भ भनिन्छ ।

### २.२.८ शीर्षक

शीर्षक कथाको महत्त्वपूर्ण तत्त्व हो । शीर्षकको छनोट कथाका आन्तरिक तथा सबै तत्त्हरूको प्रतिनिधित्व हुने खालको कलापूर्ण र आकर्षक हुनु पर्दछ । शीर्षक

कथाको उच्च स्थानमा रहने हुनाले यसबाटै कथाको भावभूमि झल्किने खालको हुनु पर्दछ ।

## २.२.९ कथाको वर्गीकरण

समयको प्रवाहसँगै पाइला चाल्ने क्रममा कथाले आजको समयावधिसम्म आइपुग्दा आफ्नो स्वरूपलाई युग सुहाउँदोपारामा अभिव्यक्त गरेको छ ; यसरी कथालाई सङ्गठन, विषयवस्तु उपकरण, प्रभाव, धारा, प्रकार, दृष्टिविन्दु, आकार प्रकार प्रयोग एवम् स्रोतका आधारमा वर्गीकरण गरेको पाइन्छ ।उक्त वर्गीकरणलाई तल निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ ।

**१. सङ्गठनका आधारमा कथा**

जटिल कथा अजटिल कथा

**२. विषयका आधारमा कथा**

ऐतिहासिक सामाजिक मनोवैज्ञानिक राजनैतिक लोककथात्मक

समस्याप्रधान भावप्रधान आदर्शवादी नीतिवादी

**३. उपकरणका आधारमा कथा**

घटनाप्रधान चरित्रप्रधान वातावरणप्रधान आञ्चलिक स्थानीय

**४. प्रभावका आधारमा कथा**

- त्रासद कथा
- कामद कथा

**५. धाराका आधारमा कथा**

- आदर्शोन्मुख यथार्थवादी
- यथार्थवादी
- प्रगतिवादी
- अतियथार्थवादी
- स्वच्छन्दतावादी
- अस्तित्ववाद
- विसङ्गतिवादी
- प्रकृतिवादी

**६. प्रकारका आधारमा कथा**

- शुद्ध कथा
- निबन्धात्मक
- काव्यात्मक
- नाटकीय

**७. दृष्टिविन्दुका आधारमा कथा**

- प्रथम पुरूषात्मक कथा
- तृतीय पुरूषात्मक कथा

**८. आकारका आधारमा कथा**

- लामा कथा
- छोटा कथा

**९. प्रयोगका आधारमा कथा**

प्रयोगात्मक कथा अप्रयोगात्मक कथा

**१०. स्रोतका आधारमा कथा**

ऐतिहासिक/पौराणिक यथार्थावादी भावनात्मक स्वैरकाल्पनिक

(पौड्याल, नेपाली गद्य र नाटक, २०६३ : पृ.१६)

## २.२.१० कथाको अन्य विधासँग सम्बन्ध

### २.२.१०.१कथा र नाटक

नाटक र कथा दुवैमा अख्यान तत्त्व रहेको हुन्छ । कथालाई कलात्मकता स्वरूप प्रदान गर्ने क्रममा नाटकीकरणको प्रविधिलाई अङ्गाल्ने गन्छि । नाटकीकरणको अभावमा कथा कमजोर हुने गर्दछ । नाटकमा दृश्य तत्त्व अनिवार्य रूपमा रहेको हुन्छ भने कथामा पनि केही मात्रामा दृश्य तत्त्व रहेकै हुन्छ । यी दुवै विधा मानवीय जीवनको व्याख्या गर्ने उद्देश्य राखेको हुन्छ । दुवैको गठन स्थूल हुन्छ ।

### २.२.१०.२ कथा र उपन्यास

कथा र उपन्यास दुवैलाई आख्यानको उपविधा भनिन्छ । दुवै गद्य विधामा संरचित हुन्छन् । दुवैको गठन स्थूल र प्रस्तुति अप्रत्यक्ष हुन्छ । दुवै श्रव्य विधा हुन । दुवैमा वस्तु तत्त्वको रूपमा कथाकथन हुन्छ । दुवैमा वर्णनात्मक र विवरणात्मक शैली प्रयोग गरिएको हुन्छ । दुवैको दृष्टिविन्दु उत्तम वा अन्य पुरूष मध्य एक हुन सक्छ । दुवैले दृश्यात्मकताको पद्धतिलाई अवलम्वन गरेका हुन्छन् ।

### २.२.१०.३ कथा र निबन्ध

कथा र निबन्ध दुवै गद्य विधा हुन् । यी दुवैको आकार लघु हुन्छ । दुवैको गठन स्थूल हुन्छ । दुवै प्रस्तुति अप्रत्यक्ष हुन्छ । दुवै श्रव्य विधा हुन् । यसरी आधुनिक कथाको जन्ममा लोककथा र निबन्धको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । कतिपय निबन्धहरूमा पात्रहरू हुने भएकाले कथाको झल्को प्राप्त गर्न सकिन्छ भने कतिपय कथामा संरचनात्मक कसिलो प्रस्तुतिका साथै वैचारिकता रहने हुनाले निबन्धको झल्को पनि प्राप्त गर्न सकिन्छ ।

### २.२.११भाषा शिक्षणमा कथा शिक्षणको प्रयोजन

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । प्राथमिक तहको कक्षा ५ मा नेपाली साहित्यका कथा, प्रबन्ध, जीवनी, रूपक नाटक विधाका पाठहरू समावेश गरिएको छ । यसरी समावेश गरिएका विभिन्न विधा मध्ये कथा विधा एक महत्त्वपूर्ण र लोकप्रिय विधा हो । भाषाका चारवटै भाषिक सिपको शिक्षण गर्न सकिने यस विधाका माध्यमबाट शिक्षण गर्दा विद्यार्थीले  रूचिपूर्ण र प्रभावकारी तरिकाले सिक्न सक्दछन् । कथा शिक्षणको मूल प्रयोजन विद्यार्थीहरूले स्पष्ट एवम् क्रमिक रूपले घटना क्रमको वर्णन गर्न सक्ने, विचार गर्न सक्ने, व्याख्या गर्न सक्ने र कथा बोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्नू हो । यसका साथै विद्यार्थीमा विभिन्न विषय क्षेत्रमा शब्द भण्डारको विकास गर्नू, उखान टुक्काको विकास गर्न वाक्यांशको ज्ञान तथा प्रयोग गर्ने सुझको विकास गर्नू पनि हो । (शिक्षक तालिम प्याकेज, २०६४)

अन्य विधाको तुलनामा कथा बोध गम्यताका दृष्टिकोणले बढी उपयोगी हुन्छ । विद्यार्थीहरूमा कथाबाट कल्पना शक्तिको विकासका साथै विद्यार्थीको चरित्र निमार्ण गर्न सकिन्छ । कथा शिक्षणबाट विद्याथीहरूले आफ्नो वरिपरि भएका घटना क्रमलाई मिलाएर भन्न, सिर्जनात्मक लेखन गराउन, हिज्जे शुद्धिकरण गराउन, शुद्ध उच्चारण गराउन, शब्द निमार्ण प्रकियाको अभ्यास गराउन, सहयोगी सामग्रीको रूपमा प्रयोग गराउन सक्दछन् । पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठबाट वाक्य सङ्गति , शब्द

वर्ग,काल, भाव, वाच्य, निपातको सुहाउँदो प्रयोग हुने हुनाले द्रुत पठनका लागि समेत उपयोगी हुने भएकाले भाषिक सिप विकासमा यसले ठूलो सहयोग पुऱ्याउँछ ।

कथा शिक्षणका विधागत प्रयोजनलाई निम्न लिखित बुदाँमा प्रस्तुत गर्न सकिन्छ :

- बोध क्षमताको विकास गर्न,
- विद्यार्थीहरूमा शब्द भण्डारको विकास गर्न,
- शब्द संरचना सम्बन्धी ज्ञान प्रदान गर्न,
- नवीन शैलीहरूको पहिचान गर्न,
- विषयवस्तु सम्बन्धी ज्ञान प्राप्त गर्न,
- भाषा साहित्य रूचि जगाउन,
- कल्पना शक्तिको विकास गर्न,
- सिर्जनात्मक क्षमताको विकास गर्न,
- सारांश लेखन रकथा क्षमताको विकास गर्न र
- व्याकरणको काल, पक्ष, भाव, वाच्य आदिको पहिचान र अभ्यास गर्न ।

## २.२.१२ कथा शिक्षणका प्रयोजनपरक उद्देश्यहरू

कथा शिक्षणको उद्देश्य जीवन र जगत्का बाहृय तथा आन्तरिक पक्षहरूसँग परिचित गराउनु,

- कथा शिक्षणबाट भाषाको परिषकार गर्न,
- कथा शिक्षणबाट स्वस्थ, मनोरञ्जन, विषय वोध, अभिरूचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न ।
- यसबाट अनुशासन कायम गर्न, नैतिक उपदेश दिर्न, भावनात्मक विकास गर्न, चरित्र निर्माण गर्न र सिर्जना शक्तिको विकास गर्न आदि यसले निकै मद्दत पुऱ्याउँछ ।
- साहित्यको आस्वादन गराउनु,

# अध्यायतिन

# व्याख्या र विश्लेषण

## ३.१कथाहरूको विश्लेषणात्मक अध्ययन

पाठ्यक्रमले तोकेअनुरूप नै कक्षा ५को “मेरो नेपाली किताब” मा जम्मा ६ वटा कथाहरू समावेश गरिएका छन् । पाठ्य कथाहरूको रचना/निर्माण लेखन पाठ्यक्रमका उद्देश्य पुरा गर्ने ध्येयले नै गरिएको छ । कक्षा ५ मा ५ किसिमका कथाहरू रहेका छन् । लोककथा, आधुनिक, पौराणिक, एतिहासिक र नीति कथाहरू समावेश गरिएका छन् । ती सबै कथाहरू कक्षा ५ का विद्यार्थीहरूका लागि अत्यधिक रूचिका साथ पढने किसिमका छन् । ती कथाहरूको उद्देश्य नीतिगत ज्ञान, सामाजिक, सांस्कृतिक र धार्मिक आस्थावान् भाषिक व्यवहारमा सक्षम गल्ती पछि सुधारको अनुभव वैचारिक, रचनात्मक र सृजनात्मक प्रश्नमा गहनता, परोपकारी, नैतिकवान् र चरित्रवान् नागरिक तयार गर्ने रहेको छ ।

कक्षा ५ मा राखिएका कथाहरूलाई निम्न प्रयोजनका आधारमा विश्लेषण गरिन्छ :

### १. असल कार्य गरेबापत नतिजा असल आउनु

कक्षा ५ को “मेरो नेपाली किताब” मा रहेको शीर्षक २ को ‘कर्मको फल’ लोक कथाले असल चरित्रको निर्माण गर्ने उद्देश्य राखेको पाइन्छ । यसरी विद्यार्थीका यस्ता व्यावहारिक ज्ञानका साथै यसले भाषिक सिप विकास गराउने उद्देश्य राखेको पाइन्छ । यस कथामा वृद्धाले मन्दिर जाने क्रममा घाइते सुगा भेटी त्यसको उपचार गरेर त्यसबाट उसलाई मनग्गै सम्पति हुन्छ । त्यसपछि त्यहीँ गाउँका अर्की आइमाईले अघाइते सुगालाई घाइते बनाइ औषधी उपचार गर्छ । त्यसपछि त्यै सुगााले केही दिनमा अनारका दाना अगेनामा खसाल्छ त्यहीँ बिऊ रोपी अनार फलेपछि त्यस दानालाई फुटाल्दा डरलाग्दा जीवजन्तुहरू उसलाई डस्न खोज्छ । यसरी उसमा

आफूले गरेका दुरव्यवहार ज्ञात भइ असल कार्य गर्ने भावना तरङ्गीत हुन्छ । यस प्रकार विद्यार्थीहरूले पनि असल कार्य गर्ने र त्यस कामलाई नै प्रोत्साहन दिइ पहिल्याउने गर्दछ भनी प्रष्ट हुन्छ । तसर्थ यस कथाको प्रयोजन कक्षा ५ को "मेरो नेपाली किताब" मा राख्नु उचित देखिन्छ ।

## २. असल कार्यले स्वयम्मा भएको परिवर्तन

कक्षा ५ को "मेरो नेपाली किताब" मा रहेको शीर्षक ५ को 'आँखाको ज्योति' मा लोक कथाको उद्देश्यले विद्यार्थीको भाषिक सिप विकास गर्ने रहेता पनि यस कथामा सन्तुलाई बुवाले तँ त खालि उपद्रो मात्रै गर्छस् , मेरो कर्म कस्तो रहेछ । भनेपछि केहि जवाफै नदिइ घरबाट कुकुरलाई लिइ निस्कन्छ । यसरी समयको परिवर्तनसँगै एक दिन सपनामा एउटी परिले उसलाई भनिन्, "तिमी मलाई देख्न सक्छौ ?" यसको जवाफमा तिमीले असल कार्य गर्ने बित्तिकै तिम्रो आँखामा ज्योति आउँछ । भनेपछि उसले राम्रा कार्य गर्ने बित्तिकै आँखामा देख्न सक्ने क्षमता आउँछ । यसैप्रकारले विद्यार्थीहरूले यस कथामा भएको घटना विवरणले बालबालिकामा असल कार्यको प्रभावले स्वयम्मा भएको परिवर्तन शिक्षा पाउँछ भन्ने सन्देश पाइन्छ । तसर्थ यस कथाको प्रयोजन कक्षा ५ को "मेरो नेपाली किताब" मा राख्नु उचित देखिन्छ ।

## ३. कुनै कार्य बुद्धि र नीतिले गर्नु

कक्षा ५ को "मेरो नेपाली किताब" मा रहेको शीर्षक ८ को 'अनौठा प्रश्न' मा एतिहासिक कथाको उद्देश्यले विद्यार्थीको भाषिक सिप विकास गर्ने रहेता पनि वीरबल भन्ने मन्त्रीलाई अकबर बादशाहले कठिन प्रश्न दिंदा पनि सहज रूपले त्यसको उत्तर दिनुको बाट थाहा हुन्छ । यसरी कुनै कार्य सम्पन्न गर्नुभन्दा त्यसको सही निर्णय बुद्धि र नीतिले गर्नु उपयुक्त हुन्छ । यसरी यस कथाको प्रयोजन विद्यार्थीलाई बुद्धि र नीतिको उचित प्रयोग गरिने निर्णय सही हुन्छ भन्ने शिक्षा पाउँदछ । तसर्थ यस कथालाई कक्षा ५ को 'मेरो नेपाली किताब' मा राख्नु उचित देखिन्छ ।

## ४. स्वावलम्बी बन्न सिक्नु

कक्षा ५ को “मेरो नेपाली किताब”मा रहेको शीर्षक १२को ‘प्रेरणा’ आधुनिक कथाको उद्देश्यले विद्यार्थीको भाषिक सिप विकास रहेता पनि यस कथामा गुरूआमाले एउटा सडके बालकलाई दुई सय रूपैयाँ दिन्छन् ।त्यस रूपियाँले आफू कसरी आफ्नो खुट्टामा उभ्ने भनि त्यसको प्रयोग सहि ठाउँमा गरी स्वावलम्बी बन्छन् । यसरी पैसा फकाउने समयमा गुरूआमाले भनिन्, “यो दुई सय रूपैयाँ तिमी जस्तै कोही पनि नभएको मानिसलाई देऊ । उसलाई पनि कुनै काम गरेर खाऊ, भन ।तिमी आफू कसरी माग्नेबाट स्वावलम्बी केटो बन्यो, त्यो पनि उसलाई भन ।” यसरी यस कथा माफर्त परालम्बीबाट कसरी स्वावलम्बी बन्नुपर्छ भन्ने सन्देश रहेको छ । तसर्थ कक्षा ५ को “मेरो नेपाली किताब”मा ‘प्रेरणा’ शीर्षकको प्रयोजन  गरिनु उचित दखिन्छ ।

## ५.सर्वश्रेष्ठ गुरूभक्ति हुनु

कक्षा ५ को  “मेरो नेपाली किताब”मा रहेको शीर्षक १७ को ‘सबैभन्दा ठूलो भक्त’ पौराणिक कथाको उद्देश्यले विद्यार्थीको भाषिक सिप विकास रहेता पनि शिष्यमा गुरूभक्तिको भावना रहेको र गुरूले जसले यस पृथ्वीमा रही आफ्ना सम्पूर्ण दैनिक कार्यहरूका साथ मेरो स्मरण गर्छ उहीँ मेरो सबैभन्दा ठूलो भक्त भनि अभिव्यञ्जित गरिएको छ । यसरी हामीले यस कथा मार्फत के शिक्षा पाउँछौ भने मानवले भगवान्को नाम जपेर मात्र सर्वश्रेष्ठ बन्ने होइन, कर्म र कर्तव्य साथ गर्ने नै सर्वश्रेष्ठ हुन्छ भनि प्रस्टिन्छ । तसर्थ  कक्षा ५“मेरो नेपाली किताब”मा यस शिर्षकको प्रयोजन हुनु उचित देखिन्छ ।

## ६.पश्चत्ताप पश्चात् पाठ सिकिनु

कक्षा ५ को “मेरो नेपाली किताब”मा रहेको शीर्षक २१ को ‘पश्चत्ताप’ नीति कथाको उद्देश्यले विद्यार्थीको भाषिक सिप विकास रहेता पनि गौतमबुद्ध र धनी मानिस बीचको वार्तालापको आधार बनाएर लेखिएको यस कथाले बालबालिकालाई कुनै पनि

कुराको ज्ञान भइसकेपछि आफूले गल्तीको महसुस गरी त्यसबाट पाठ सिक्नु भन्ने संदेश दिइएको छ । यसरी नीतिगत कथाको उद्देश्य व्यक्तिलाई गल्तीको ज्ञात गराउनु र त्यसबाट गल्ती नगर्नाका निम्ति यस कथाको प्रयोजन कक्षा ५को “मेरो नेपाली किताब” मा राख्नु उचित देखिन्छ ।

## ३.२ पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको विश्लेषण

भाषा सिकाइमा अभ्यासलाई सिकाइ कार्यकलापको आधारको रूपमा लिइन्छ । भाषा सिकाइ अन्य सिपहरूको सिकाइ जस्तै हो । भाषाको संरचनाको ज्ञान त्यसको व्याकरण अभ्यास गर्नाले पनि प्राप्त हुन्छ । तर भाषाको प्रयोग गर्दा भने त्यसको प्रयोगमा पोख्त हुनु आवश्यक छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नभइ सम्भव हुँदैन ।

कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई तेहऱ्याई पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनतका रूपमा अभ्यास शब्दलाई लिइएको छ (नेपाली वृहत शब्दकोश,( २०४०: ६९)।

सिकाइलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण कार्यकलाप सञ्चालन गर्न नमुना अभ्यास चाहिन्छ । त्यसैले भाषा पाठ्य विषयमा विभिन्न प्रकृतिका अभ्यास कथाको अन्त्यमा राखिएको पाइन्छ । शिक्षण सिकाइका लागि सबै विषयमा शिक्षण साम्रगी प्रर्याप्त हुँदैनन् । यस्तो अवस्थामा अभ्यास नै अत्यन्त उपयोगी कार्यकलापको रूपमा रहेको हुन्छ । कतिपय विषयमा शिक्षणका लागि अन्य सामग्रीको प्रयोग भन्दा अभ्यासले महत्त्पूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषामा ज्ञान र सिपका स्थायीत्वका लागि निरन्तर अभ्यास गराउनु आवश्यक छ । भाषाका पाठ्य वस्तुमा प्रत्येक पाठ्य विषयवस्तुको अन्त्यमा पाठ्यक्रमका उद्धेश्यका आधारमा अभ्यासहरू दिइनु जरूरी हुन्छ ।

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमका उद्धेश्य आधारमा अभ्यासको व्यवस्था गरिएको छ । यसमा भाषाका विविध पक्ष र भाषिक सिप विकासमा निर्भर रहने

आवश्यक शब्दभण्डार संरचना लिखित, मौखिक क्रियाकलाप र गृहकार्य सहितको एउटा शिक्षणीय ढाँचा संलग्न रहन्छ ।यसमा भाषाका चारवटा सिप विकास हुने गरी सामग्रीको संयोजन गरिएको हुन्छ ।

नमुना अभ्यास राखिने सामग्रीहरू गर रसिक भन्ने धारणाबाट राखिएका जसलाई लेखाइ सिप विकासका साथै गृहकार्य सामग्रीहरूका रूपमालिन सकिन्छ । यस्ता सामग्रीहरू व्याकरण र पठनबोधसँगै गराउनु पर्दछ । भाषा शिक्षणमा पाठ्यपुस्तकलाई प्रयोगमा ल्याउँदा शिक्षकले यसलाई सिर्जनशील तरिकाले उपयोग गर्न सकेको स्थितिमा पाठ्यक्रमले लिएको लक्ष्यमा पुग्न सकिन्छ । यसका निम्ति नमुना अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

यस परिप्रेक्ष्यमाविषयवस्तुमा टेकेर भाषा शिक्षणको सफलताको  लागि नमूना अभ्यासले विद्यार्थीहरूको कठिनाइ अनुभव गरेको कुरा पहिचान गर्न, विद्यार्थीहरूको वर्गीकरण गर्न, स्तरीकरण गर्न उनीहरूको रूचि, ज्ञान, सिप आदि पत्ता लगाउन समेत शिक्षकलाई आवश्यकता अनुसारको मार्ग निर्देशन गरेको हुन्छ । नमुना अभ्यासले विद्यार्थीहरूको सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिपहरू अभिबृद्धि गर्न सहयोग गर्दछ । यसका साथै नमुना अभ्यासको सहयोगले भाषा तत्त्वको सुसंगठित उपयोग हुन गई भाषा शैलीको सचेतपूर्वक प्रयोग क्षमतामा पनि वृद्धि गर्दछ । र यसले भाषिक सिपमा सक्षमता, बोलाइमा प्रभावकारिता र मीठासपना ल्याउनका साथै सिर्जनात्मक क्षमताको विकासमा पनि उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

नमुना अभ्यासलाई निर्माणात्मक मूल्याङ्कनको प्रभावकारी अङ्गको रूपमा लिइन्छ । यस खालको मूल्याङ्कनले मात्र भाषा शिक्षणबाट पाठ्यक्रमले निर्दिष्ट गरेको भाषिक उद्देश्य हासिल गर्न बाटो खुल्दछ । त्यसैले नमुना अभ्यासलाई निर्माणात्मक मूल्याङ्कनको मुख्य आधारको रूपमा लिइने गरिन्छ  (आचार्य, २०६४ : पृ ३०)।

निर्देशन, गृहकार्य, परीक्षण, पुनरावृत्ति प्रोत्साहन आदि काममा सहयोग गर्न पाठ्यपुस्तकमा अभ्यासको व्यवस्था मिलाइएको पाइन्छ । हरेक पाठ्यपुस्तकको पाठको मूल अंशका रूपमा अभ्यासको व्याख्या गरिएको हुन्छ । ती मूल अंशहरू पाठ्यक्रममा

निर्धारित उद्देश्य पूर्ति गर्न सक्ने किसिमले चुनिएका हुन्छन् । तसर्थ भाषा पाठ्यपुस्तकमा कुनै लेख वा रचना मूल अंशमा सङ्कलित हुनु पर्दछ भन्ने केहि छैनन् । पूर्ति गर्न सक्ने किसिमले चुनिएका र सहायक दुवै खालका छन् भने कुनै पनि रचना (विधा वा उपविधा) राख्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तकमा राखिएका विधा एवम् उपविधाका भन्दा यसका आधारमा गराइने भाषिक अभ्यास महत्त्वपूर्ण हुन्छन् । त्यसैले भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास सबैभन्दा महत्त्वपूर्ण स्तम्भका रूपमा रहेको हुन्छ (अधिकारी, २०५०:१७४) ।

शिक्षक र विद्यार्थीको शैक्षिक कार्यक्रमलाई निरन्तर रूपले अगाडि बढाउने कार्य नमुना अभ्यासले गरेको पाइन्छ । शिक्षण कार्य व्यवस्थित तयारी तथा मूल्याङ्कनको सजिलो उपायका रूपमा अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषालाई केवल निर्देशन दिएर मात्र पुग्दैन । विषयवस्तुको अभ्यासबाट भाषिक कुशलता सिकाउने उद्देश्य इङ्कित गरिएको हुन्छ ।

भाषा पाठ्यक्रमका उद्देश्यहरूको र पाठ्य सामग्रीको समग्र प्रतिनिधित्व हुनेगरी अभ्यासको निमार्ण गर्नु जरूरी हुन्छ । पाठ्यक्रमका उद्देश्यहरूको र पाठ्य सामग्रीको समग्र प्रतिनिधित्व हुने गरी अभ्यासको निमार्ण गर्नु जरूरी हुन्छ । पाठ्यक्रम निमार्ण सिपपरक दृष्टिले गरिने हुनाले अभ्यास सोही अनुरूप हुनु पर्दछ ।भाषा पाठ्यक्रममा दिइने अभ्यास भाषिक सामग्री र पठनबोधसँग साबन्धित हुनु पर्दछ ।

भाषिक सामग्री भन्नालेशब्दरचना, वाक्यरचना, भाषातत्व आदिलाई लिन सकिन्छ भने पठन बोध तर्फ पाठमा आधारित विषयवस्तु सम्बन्धी विविध प्रकृतिका प्रश्नोत्तर पर्दछन् । भाषा तत्त्व सम्बन्धी अभ्यास मूलत: व्याकरणसँगै सम्बन्धित हुन्छन् । तापनि यिनको प्रयोग पक्षलाई विविध कोणबाट प्रस्तुत गरी विद्यार्थीलाई व्यस्त राख्न सके मात्र भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको उद्देश्य हासिल गर्न सकिन्छ ।

### ३.३ नमुना अभ्यासमा प्रयोग गर्न सकिने प्रश्नहरू

भाषा शिक्षण भन्नाले भाषाको ज्ञान आर्जन गर्नु नभई भाषिक सिपको विकास गर्नु नभई भाषिक सिप विकास गर्नु र भाषा प्रयोग गर्न सक्ने क्षमता बढाउनु हो । यस परिप्रेक्ष्यमा भाषापाठ्यपुस्तकमा नमुना अभ्यासका रूपमा राखिएका प्रश्नहरूपनि स्वभावैले त्यहीँ खालका हुनु पर्छ । यिनै कुराहरूलाईध्यानमा राखेर नमुना अभ्यासमा निम्न प्रकारका बुँदालाई समावेश गर्न सकिन्छ ।

### ३.३.१ विषयवस्तुमा आधारित

भाषा शिक्षणमा विषयवस्तुमा भन्दा बढी सिप पक्षमा जोड दिइन्छ तापनि पाठ्यपुस्तकमा रहेका पाठहरूको सम्बन्धमा विद्यार्थीहरूको स्तर हेरी आवश्यकता अनुसार उनीहरूलाई त्यस पाठका विषयवस्तुबारे शिक्षकले जानकारी दिनु जरूरी छ । यस स्थितिमा भाषाका पाठहरूबारे प्रश्न निमार्ण गर्दा भाषिक विषयवस्तुलाई आधार बनाई त्यसैका आधारबाट सिप विकास गर्ने खालका अभ्यासहरू निमार्ण गर्नु पर्छ । प्रश्न निमार्ण गर्दा विषयवस्तुलाई  आधार बनाएर बोधमा केन्द्रित भएमा वस्तुगत प्रश्न, विषय र अभिव्यक्तिमा आधारित भए निबन्धात्मक प्रश्न नमुना अभ्यासमा समावेश गरिनु पर्छ।

### ३.३.२ अभ्यासात्मक र मूल्याङ्कनात्मक

भाषा शिक्षणमा यदि हामीले विद्यार्थीहरूको भाषिक क्षमता मापन गर्ने लक्ष्य लिन्छौँ भने मूल्याङ्कनात्मक प्रश्नहरू निमार्ण गर्नु पर्छ । त्यसो नभइ भाषाका विविध पक्षहरूबारे जानकारी लिने उद्देश्य लिइएको छ भने अभ्यासात्मक निमार्ण गरी नमुना अभ्यासमा राख्न सक्नु पर्दछ ।

### ३.३.३ भाषिक सिपमा आधारित

भाषिक सिपमा आधारित प्रश्नहरूले मौखिक र लिखित अभिव्यक्तिसँग सम्बन्ध राख्ने विभिन्न पक्षहरूबारे सरोकार राख्दछन् । यस्ता प्रश्नहरू निमार्ण गरिने भए तापनि यिनीहरूको शिक्षण लक्ष्य भनेको भाषिक सिपकै विकास गर्ने हो । नमुना अभ्यासका रूपमा रहेका भाषा पाठ्यपुस्तकका प्रश्नहरूमा प्रश्न निमार्ण कर्ताले

भाषिक सिपलाई पनि यस भित्र समावेश गर्न सक्नु पर्छ । तसर्थ भाषा पाठ्य पुस्तकमा नमुना अभ्यास तर्जुमा गर्दा विद्यार्थीका पृष्ठभूमि कक्षा स्तरको ख्याल गर्नु पर्छ ।

### ३.४ प्रश्नको स्वरूप

भाषा पाठ्यपुस्तक पाठमा भाषिक सिपको प्रकृतिका आधारमा एउटै अन्त्यमा विभिन्न किसिमका प्रश्नहरू समावेश गरिएका पाइन्छन् ।भाषापाठ्यपुस्तकमा समावेश गरिएका पाइन्छन् । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा पाठको अन्त्यमा विशेष गरि तिन किसिमका प्रश्नहरू राखिएका पाइन्छन् । ती निबन्धात्मक प्रश्नहरू, सङ्क्षिप्त र वस्तुगत प्रश्न छन् । त्यसमध्ये कक्षा ५ को "मेरो नेपाली किताब"मा दुई प्रकारका प्रश्नहरू समावेश गरिएका छन् । यी प्रश्नका किसिमले भाषाको भाषिक सिप विकास हुने देखिन्छ । नमुना अभ्यासका लागि उपयोग गरिएका प्रश्नहरूको सङ्क्षेपमा चर्चा तल गरिएको छ ।

(अ) **सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू**

खास कुरामा केन्द्रित रही छोटो उत्तर मानिने खालका प्रश्नहरू सङ्क्षिप्त उत्तरात्मक अन्तर्गत पर्दछन् । यस अन्तर्गत अर्थ ग्रहण, बोध, वाक्यरचना,शब्दार्थ, शब्द प्रयोग, शुद्धिकरण, शब्दको खोज, रचना, एक शब्द र वाक्यमा उत्तर आउने किसिमका प्रश्नहरू पर्दछन् ।

(आ) **वस्तुगत प्रश्न**

पहिचानात्मक अभ्यासका लागि वस्तुगत अभ्यासात्मक प्रश्नहरू बढी उपयोगी हन्छन् । बहुवैकल्पिक, जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने प्रश्न वस्तुगत प्रश्न अन्तर्गत पर्दछन् ।

अतः कक्षा ५ को "मेरो नेपाली किताब" मा समावेश गरिएका कथा विधासँग सम्बन्धित नमुना अभ्यासलाई निम्न लिखित तालिकाद्वारा स्पष्ट गर्न सकिन्छ ।

तालिका नं १

## कथा विधासँग सम्बन्धित नमुना अभ्यास

| क.स. | शीर्षक | वस्तुगत | विषय | |
|---|---|---|---|---|
| | | | सङ्क्षिप्त | निबन्धात्मक |
| १. | कर्मको फल | ९ (जोडा मिलाउने प्रश्न) | १४ प्रश्न | – |
| २. | आँखाको ज्योति | ५ (जोडा मिलाउने प्रश्न)<br>६ (खाली ठाउँ भर्ने प्रश्न) | १२ प्रश्न | – |
| ३. | अनौठा प्रश्न | ८ (जोडा मिलाउने प्रश्न) | १० प्रश्न | – |
| ४. | प्रेरणा | ४ (जोडा मिलाउने प्रश्न) | १२ प्रश्न | – |
| ५. | सबैभन्दा ठूला | ११ (जोडा मिलाउने प्रश्न) | ११ प्रश्न | – |
| ६. | भक्त<br>पश्चत्ताप | १३ (जोडा मिलाउने प्रश्न) | ५ प्रश्न | – |

## ३.५ पाठगत नमुना अभ्यासको विश्लेषण

कक्षा ५ को "मेरो नेपाली किताब" मा नमुना अभ्यास दुई किसिमका प्रश्नहरू समावेश गरिएको छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पूर्ति गर्न र गराउने अभिप्रायले प्रश्नहरूको निर्माण गरेको देखिन्छ । कक्षा ५ का प्रत्येक कथामा भएका अभ्यासहरूले भाषिक सिपको विकास गराउने उद्देश्य राखेको देखिन्छ । प्रत्येक कथाका अन्त्यमा पहिला छोटो उत्तर भन्ने र लेख्ने प्रश्नहरू समावेश गरिएका छन् । यस्ता केहि सरल र सजिलै बुझ्न प्रकृतिका छन् । जस्तै : 'कर्मको फल' शीर्षक कथामा सुगाप्रति वृद्धाले दया देखाउनुको कारण के हुन सक्छ ? यस्तै गरेर 'आँखाको ज्योति', 'अनौठा प्रश्न', 'सबैभन्दा ठूला भक्त' तथा 'पश्चात्ताप' शीर्षक कथामा क्रमशः सन्तुले कुकुरलाई किन नदीमा पठायो ?, फारसी बादसाहले सोधेका तिन प्रश्न के के हुन्

?डोल्मालाई किन खुसी लाग्यो ? उत्तर खोज्न नारदले कहाँ जानुपर्‍यो ? धनी मान्छे फर्केर फेरि किन आयो ? यस्ता प्रश्नहरू सरल छन् र विद्यार्थीहरूले यस्ता प्रश्नहरूको सजिलै उत्तर भन्न र लेख्न सक्छन् । संक्षिप्त उत्तरात्मक प्रश्नहरूमा नै केही प्रश्नहरू भावनात्मक र उच्च प्रकृतिका देखिन्छन् जुन कक्षा ५ का विद्यार्थीहरूले उत्तर दिन र लेख्न गाह्रो पर्दछ ।

जस्तै 'अनौठा प्रश्न' शीर्षक कथामा ईश्वर छन् । भन्ने पुष्टि गर्न वीरबलले के गरे ? भन्ने प्रश्न विद्यार्थीहरूले सहज रूपमा अर्न्तबोध गर्न नसक्ने किसिमको देखिन्छ ।

यसरी सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूलाई नियाल्दा धेरै हदसम्म पाठ्यक्रमका उद्देश्य प्राप्त गर्ने किसिमका छन् भने केहि कमजोरी पनि छन् । सङ्क्षिप्त प्रश्नले विशेष गरी विद्यार्थीहरूले तत्कालै पाठ अध्ययन गरेका आधारमा छोटकरीमा मौखिक प्रश्नहरूको जवाफ दिन सक्ने देखिन्छन् तर पनि केहि प्रश्नहरू भने एक शब्द उत्तर दिने प्रकृतिका छन् । यस्ता प्रश्नहरू २/३ हरफमा उत्तर लेख्न मिल्ने सान्दर्भिक देखिन्छ ।

वस्तुगत प्रश्न अन्तर्गत रहनुपर्ने वहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, ठीक बेठीक छुट्याउने प्रश्न, जोडा मिलाउने प्रश्नहरू कक्षा ५ को मेरो नेपाली किताबको कथा विधा अन्तर्गत राखिएको पाइदैन । यस्ता प्रश्नहरूमा जोडा मिलाउने प्रश्नलाई बढी जोड दिइएको देखिन्छ । वस्तुगत प्रश्न कक्षा ५ का ६ वटा कथाहरूमा जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने प्रश्न मात्र देखिन्छ भने यी कथाहरूमा वहुवैकल्पिक र ठीक बेठीक छुट्याउने प्रश्न नभएको देखिन्छ ।

कथाले विद्यार्थीको बोध पक्षको विकास गर्न मद्दत पुग्दछ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिप पक्षको विकास गर्ने अभिप्रायले अन्य विभिन्न किसिमका अभ्यासहरू पनि कथामा समावेश गरेको देखिन्छ । जस्तै : विद्यार्थीका पढाइ, सुनाइ र बोलाइ सिपको विकास गराउन "कथा पालैपालो पढेर सुनाऊ" भनी राखेको छ । त्यस्तै लेखाइ, बोलाइ, र बोध पक्षको विकास गराउन प्रायशः सम्पूर्ण कथाका

अभ्यासमा सच्याएर कापीमा सार, सुन र भन, पढ र लेख, अर्थ लेख, वाक्यमा प्रयोग गर जस्ता अभ्यासहरूले पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्त हुने शब्द भण्डार तथा भाषिक सिपको विकास गर्न सहयोग मिल्दछ ।

समग्रमा नमुना अभ्यासमा राखिएका प्रश्नहरू पाठ्यक्रम अनुरूप भएको देखिन्छ । कथाका अन्त्यमा दिइएका नमुना अभ्यासहरू बालबालिकाको स्तर अनुरूप सिर्जनात्मक प्रकृतिका रहेका छन् । यसरी नमुना अभ्यासहरू भाषिक सिप विकास गराउने उद्देश्यले राखिएका छन् ।

## ३.६ छनोट र स्तरणको आधारमा कथाको विश्लेषण

पाठ्य पुस्तकहरूको छनोट र स्तरणका कुरा विशेषतः दोस्रो भाषा शिक्षणका क्रममा अधिकाधिक उपयोगी हुने पनि पहिलो भाषा शिक्षणका क्रममा पनि भाषिक वातावरण हेरी थोरबहुत उपयोगी हुने देखिन्छ । नेपालमा नेपाली भाषालाई शिक्षण गर्दा शिक्षार्थीहरूले यसलाई विभिन्न भाषाको पृष्ठभूमिका आधारमा सिक्ने हुन्छन् । शिक्षार्थीहरू नेपाली मातृभाषी भए पनि स्थानीय र सामाजिक भेदका पृष्ठभूमिमा उनीहरूले सो भाषा सिकेका हुन्छन् । त्यसैले स्तरीय नेपाली उनीहरूकै स्थानीय भेद नभएर केहि भिन्न प्रकृतिको हुनु स्वभाविक छ । यस्तै द्विभाषिक वा बहुभाषिक पृष्ठभूमिमा नेपाली सिक्ने शिक्षार्थीहरू पनि नेपालीकै स्थानीय भेदका साथै आ आफ्नै मातृभाषाको परिवेशका प्रभावमा रही नेपाली सिक्ने हुनाले तिनिहरूका लागि स्तरीय नेपालीको सिकाइ अझ भिन्न किसिमको अनुभवका रूपमा देखिन सक्छ । नेपाली भाषाको वातावरण जानुभन्दा पहिले नभेटेका शिक्षार्थीहरूका लागि स्तरीय नेपालीको शिक्षण दोस्रो भाषा सरह हुन सक्ने पनि देखिएको छ । अझ पहिलो मातृभाषाको सिकाइ पनि खास किसिमको कठिनाइ स्तर अनुरूपका अनुक्रममा सिकिदै जाने हुन्छ ।

यसरी जुनसुकै भाषाको औपचारिक शिक्षणका लागि पाठ्य वस्तुहरूको छनोट र स्तरण विभिन्न दृष्टिले आवश्यक ठानिन सक्छ । सीमित समय, श्रम र स्रोतबाट अधिकतम लाभ प्राप्त गर्न जुनसुकै स्थितिमा विशेषतः प्राथमिक कक्षा र ती भन्दा

माथिल्ला कक्षाहरूमा समेत नेपाली भाषा शिक्षणका सन्दर्भमा छनोट र स्तरणको कुरा प्रासङ्गिक ठहर्छ (अधिकारी, २०६३ : पृष्ठ ७६) ।

पाठ्यपुस्तकको छनोट स्तरण भाषिक वातावरण हेरी उपयोगी हुने देखिन्छ । स्तरीय भाषिक सिपको विकास गराउन पाठ्यपुस्तकमा भाषा सम्बन्धी विभिन्न विधाहरूको छनोट गरिएको हुन्छ । भाषिक सिपको वृद्धिका साथै विविध विषयवस्तुको जानकारी गराउने उद्देश्यले नै कथा विधामा लोक कथा, नीति कथा, पौराणिक कथा, ऐतिहासिक कथा, आधुनिक कथाहरूको छनोट गरिएको हुन्छ ।

पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुहरूलाई विद्यार्थीको रूचि, आवश्यकता, उमेर, पूर्वज्ञान जस्ता कुराहरूलाई ध्यानमा राखेर मिलाउने कार्य स्तरण हो । पाठ्यपुस्तकको निर्माण गर्दा छनोट गरिएकाविषयवस्तुहरूलाई विचार नगरी जतातत्तै राख्ने हो भने पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्त गर्न सकिँदैन न त शिक्षणको औचित्य नै रहन्छ ।

पाठ्यवस्तुको छनोटमा ज्ञातबाट अज्ञाततिर, सरलबाट जटिलतर्फ तथा प्रत्यक्षबाट अप्रत्यक्षतिर जाने क्रमिकता मिलेको छैन भने शिक्षकले सिकाएको कुरा विद्यार्थीले चाँडै बिर्सन सक्द छन् ।पाठको प्रस्तुतीकरणमा पूर्वाधार सापेक्षता र पारस्परिक सम्बद्धताका आधारमा पहिलो पाठ दोस्रो पाठका लागि आधार बन्न सक्नु पर्दछ । यसको प्रयोजन पहिलो भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो पाठ स्तरीय हुँदै जानु पर्छ ।

पाठ्यवस्तुको छनोटमा अभ्यासको ठूलो भूमिका हुने गर्दछ । अभ्यास खण्डबाट सिकारुमा ग्रहण (सुनाइ र बोलाइ) र प्रकट (बोलाइ र लेखाइ) को विकास हुन्छ । भाषिक अभ्यासका माध्यमबाट बालक दक्ष हुन्छ । अभ्यास खण्डको निर्माण गर्दा मूल पाठसँग सम्बन्धित रहेर निर्माण गरिनु पर्दछ । आवश्यकता अनुसार बोध प्रश्नहरू, लामो उत्तरात्मक प्रश्न, भाषा तत्त्व, नमुना अभ्यास, टिप्पणी आदिलाई स्तर अनुकूल निर्माण गरिनु पर्दछ । पाठ्य वस्तुमा राखिएका अभ्यासले सिकारुको चारै सिपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

भाषा सिकाइको प्रक्रिया जटिल र गहन भएकाले यसलाई सहज बनाउन वस्तु तथा चित्रले ठूलो मद्दत पुऱ्याउँछ । खास गरी तल्ला कक्षाका साना साना सिकारुहरूका निमित्त तयार पारिने भाषाका पाठ्यपुस्तक तथा अन्य विषयका पाठ्यपुस्तक मार्फत चित्रले सशक्त भूमिका खेल्दछ । अनुकरणात्मक सिप र कलाको विकास गर्ने सुरुका कक्षाहरूमा अक्षर शब्द समेतको अवधारणा बसाउन सिकारुहरूमा रहेको अमूर्त धारणालाई मूर्त रूपमा तिखारी सुत्रात्मक अभिव्यक्ति दिन पनि चित्रले यथेष्ट सहयोग पुऱ्याउँछ । यो तल्ला कक्षाका लागि अत्यन्त उपयोगी मानिन्छ ।

यसरी स्तरगत दृष्टिले भाषा पाठ्यपुस्तकको महत्त्व दर्शाउन सकिन्छ । जसले गर्दा सिकारुले शैक्षिक वातावरणमा उत्रेर आफ्नै ज्ञान, सिप धारणालाई अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ । यस आधारमा राखिएका पाठहरूका कतिपय कुराहरू पछिल्ला पाठहरूमा आवृत्ति गर्दै लैजानु पर्छ । भाषा शिक्षण गर्दा विभिन्न पद्धति तथा विधिहरूको उपयोग गरिने हुन्छ । कुन स्थितिमा के कस्ता पद्धति वा विधिको उपयोग गरी भाषा सिकाइमा अपेक्षित हासिल गर्न बढी मद्दत मिल्न सक्दछ भन्ने कुरामो जानकारी शिक्षकलाई भएमा मात्र उसले परिस्थिति अनुरूप अनुकूल हुने पद्धति वा विधिको छनोट गर्न सकिन्छ ।

## ३.७ पाठ्यवस्तु छनोटको परिचय

छनोटको शाब्दिक अर्थ छान्नु, चयन गर्नु वा रोज्नु हो । भाषा पाठ्यक्रम निर्माणका क्रममा गरिने सम्बन्धित विषय शिक्षणका आवश्यकता, विश्लेषण, विश्लेषित आवश्यकता पुरा गर्नका लागि उपयुक्त उद्देश्यहरूको निर्धारण र निर्धारित उद्देश्य पुरा गर्नका लागि उपयुक्त उद्देश्यहरूको निर्धारित उद्देश्य पुरा गर्नको लागि तय गरिने विषयवस्तु वा पाठ्य वस्तु निर्धारणका सिलसिलामा छनोटको कुरा आउँछ । के कस्ता र कुन आकार प्रकारका भाषिक पाठ्य सामग्रीहरू छनोट गरेमा ती पाठ्य सामग्री विद्यार्थीका सिकाइ प्रकृति एवम् स्तर अनुकूल हुन सक्छन् र अपेक्षित उद्देश्य आवश्यकता पुरा गर्न उपयोगी हुन सक्छन् भन्ने कुराको विवेक सम्मत सोच र प्रविधि नै पाठ्य वस्तु छनोटको उपयोगिता हुन्छ ।

भाषा पाठ्यपुस्तकको निर्माण र व्यवस्थापनमा पाठ्य वस्तुको छनोट एउटा महत्त्वपूर्ण विशेषता तथा सचेत सिप र सुझको परिचयात्मक तत्त्व हो । मात्रात्मक तथा गुणात्मक दुवै दृष्टिले छनोट उपयुक्त हुनु जरूरी छ । यसले निर्धारित शिक्षण अवधिलाई यसले पूर्णतः पालन गरेको हुनु पर्दछ । सिकारुको रूचिलाई आधार बनाइ अधिकतम रूपमा भाषिक सिप र अवधारणाको विकास गराउन सक्ने खालको सर्वोमुखी विकास गर्ने खालका पाठ्य वस्तुहरू छनोट गर्नु पर्दछ । छनोटले पाठ्य वस्तुको प्रस्तुतीमा खास किसिमको प्रभाव छाड्ने भएकाले यसको छुट्टै महत्त्व रहने कुरालाई बिर्सन मिल्दैन ।

### ३.७.१ कथाको विश्लेषण

#### ३.७.१.१ 'कर्मको फल' कथाको विश्लेषण

प्राथमिक तहको कक्षा ५ को 'मेरो नेपाली किताब' सङ्कलित कथाहरूलाई हेर्दा 'कर्मको फल' लोक कथामा मानिसले राम्रो काम गऱ्यो भने त्यसको नतिजा राम्रै हुन्छ भन्ने उद्देश्यले यो कथा छनोट गरिएको देखिन्छ । यसमा वृद्धाले घाइते सुगाको औषधी उपचार पश्चात् निको भइ उडेपछि अनारको दाना अगेनामा खसालेपछि उक्त बिऊ रोपी केहि दिनमा अनारको दानालाई फुटाल्दा त्यसबाट हीरा, मोतीले वृद्धा धनी हुँदा अर्की आइमाईले पनि त्यसको विपरीत कार्य गर्नाले त्यसको फल नराम्रो हुन्छ । यसरी यस कथा मार्फत प्रस्तुत गरिन्छ की हरेक मानवले राम्रो कार्य गर्दा त्यसको नतिजा राम्रै हुन्छ भन्ने निर्देशन सन्देश दिन्छ ।

#### ३.७.१.२ 'आँखाको ज्योति'कथाको विश्लेषण

'आँखाको ज्योति' कथा लोक कथा अन्तर्गत पर्दछ । यो कथा सामाजिक कथा वस्तुलाई आधार मानी प्रस्तुत गर्न सफल भएको छ । यस कथामा सन्तुलाई बुवालाई तँ त खालि उपद्रो मात्रै गर्छस् । मेरो कर्म कस्तो रहेछ भनेपछि केहि जवाफै नदिइ घरबाट कुकुरलाई लिइ निस्कन्छ । यसरी समयको परिवर्तनसँगै एक दिन सपनामा एउटी परीले उसलाई भनिन् "तिमी मलाई देख्न सक्छौ?" यसको जवाफमा तिमीले

असल कार्य गर्ने बित्तिकै तिम्रो आँखामा ज्योति आउँछ भनेपछि उसले राम्रा कार्य गर्दै जाँदा विस्तारै विस्तारै देख्न सक्ने हुन्छ । यसरी यस कथा मार्फत प्रस्तुत गरिन्छ की असल कार्यको प्रभावले स्वयम्मा भएको परिवर्तन भन्ने सन्देश दिन्छ ।

### ३.७.१.३ 'अनौठा प्रश्न' कथाको विश्लेषण

'अनौठा प्रश्न' शीर्षकको कथा एतिहासिक कथा हो । यसले विद्यार्थीहरूमा बुद्धि र नीतिको प्रयोग साथ कार्य गर्ने गुणको विकास गराउने उद्देश्य राखेको छ । वीरबल बादशाहले अकबर प्रधानमन्त्रीलाई भावनात्मक र उच्चकोटिको प्रश्न दिने गर्दछन् । यसरी उत्तर उदाहरणार्थक प्रसङ्गमा भन्ने गर्दछ । यसरी फारसी बादशाहले मूल्यवान् इनाम उपहार दिएर विदाइ गर्छन् । तसर्थ यस कथा मार्फत कुनै प्रश्नको उत्तर बुद्धि र नीतिले दिनुपर्छ भन्ने सन्देश दिन्छ ।

### ३.७.१.४ 'प्रेरणा' कथाको विश्लेषण

'प्रेरणा' कथा आधुनिक कथा अन्तर्गत पर्दछ । यो कथा बालमनोविज्ञानलाई दर्शाउने सफल कथा हो । यस कथामा डोल्मा भन्ने शिक्षिकाले सडके बालकलाई दुई सय रूपैयाँ दिन्छ र त्यसको सही प्रयोग गरी स्वावलम्बी बन्दछ र पैसा फर्काउने ती बालक डोल्मा मार्फत तिमी जस्तै अरु बालकलाईयो रूपैयाँ दिइ स्वावलम्बी बनाउन भन्ने कथनबाट के प्रस्टिन्छ भने सहयोग पारस्परिक सम्बन्धले दिएको रूपैयाँ उचित ठाउँमा सदुपयोगले आत्मनिर्भर हुन्छ भन्ने सन्देश यसै कथा मार्फत प्रकट गरिएको छ ।

### ३.७.१.५ 'सबैभन्दा ठूला भक्त' कथाको विश्लेषण

'सबैभन्दा ठूला भक्त' कथा पौराणिक कथा अन्तर्गत पर्दछ । यो कथा मार्फत बालबालिकालाई नैतिक उपदेशात्मक दिन सफल देखिन्छ । यस कथामा नारदले संसारमा प्रथम : भक्त मै हुँ भन्ने विचारले भगवान् विष्णुले त्यसको परीक्षा पृथ्वीमा लिने निर्णय गरी त्यस पश्चात नारद परीक्षामा असफल भए पछि विष्णुले यस संसारमा रहेका भक्तले सम्पूर्ण कार्यभार सम्हालिदै जसले मेरो नामको स्मरण गर्दछ

ऊ नै मेरो परम भक्त हुन् भन्ने भाव प्रकट गर्दछ । यसरी यस कथा मार्फत नैतिक उपदेशात्मक सन्देश दिन्छ ।

### ३.७.१.६ 'पश्चात्ताप' कथाको विश्लेषण

'पश्चात्ताप' कथा नीति कथा अन्तर्गत पर्दछ । यस कथाले बालबालिकाको चारित्रिक, वैचारिक, बौद्धिकता आदि गुणको विकास गर्ने उद्देश्य बोकेको छ । यस कथामा धनी मान्छेले आफूमा भएको सम्पूर्ण रिस, राग,दोष भाव सबै बुद्धप्रति प्रकट गरी बाटोमा जाने क्रममा उसको मानसपटलमा अनेकौं प्रश्नहरू उब्जिने गर्दछ र पछि आफूले गल्ती गरेकोमा बुद्धका सामु पश्चात्ताप हुन्छ । यसरी यस कथामा धनी मानिसले आफ्नो गल्ती स्वयम् स्वीकारी कहिल्यै गल्ती गर्दैन भन्ने पाठ सिकाउँछ ।

# अध्याय चार

# उपसंहार

## ४.१ प्राथमिक तहका लागि उपयुक्त हुने कथाहरू

प्राथमिक तहको कक्षा ५को 'मेरो नेपाली किताब' मा छनोट गरेका कथाहरूमा ६ वटा कथाहरू मध्ये पाँचवटा कथाहरूमा उपयुक्त देखिन्छ ।यस अन्तर्गत क्षेत्र र क्रमले पनि केहि स्थान ओगटेको हुन्छ । कथाहरू पाठ्यक्रममा राखियो भने पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू प्राप्त हुन सक्दैन पाठ्य वस्तु भएर मात्रै पनि हुदैन तिनको क्रमिकतामा पनि ध्यान दिनु जरुरी हुन्छ । यसरी क्रम मिलाउँदा सरलबाट जटिलतर्फ उन्मुख हुनु पर्दछ । यसरी प्राथमिक तहको कक्षा ५ को 'मेरो नेपाली किताब' मा यस किसिमको नीति अपनाइएको छ । तर 'मेरो नेपाली किताब'समावेश गरेको कथाको क्रम सरलदेखि जटिलको क्रममा देखिँदैन । 'कर्मको फल' कथा सरल छ । त्यसपछिको कथा 'आँखाको ज्योति'जटिल छ । यो हुनु क्रमका हिसाबले सहि देखिन्छ । तर कक्षा ५ को'मेरो नेपाली किताब'मा समावेश गरिएका कथाहरूमा 'अनौठा प्रश्न'कथा जटिल छ, त्यसपछिको 'प्रेरणा'कथा सरल देखिन्छ । यहाँ 'आँखाको ज्योति' कथा पछि 'प्रेरणा'कथा पछि 'अनौठा प्रश्न' कथा पछि 'पश्चात्ताप'भए उत्तम देखिन्थ्यो । कथा विधा अन्तर्गत पर्ने लोक कथा , आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक र नीति कथालाई राखिएको छ । यसको वर्णन तल गरिएको छ ।

### (क) लोक कथा

नेपाली लोक जीवनमा अलिखित रूपमा विकसित भएका कथालाई नै लोक कथाको संज्ञा दिइएको छ । यसरी लोक कथाले लिखित रूप ग्रहण गरेपछि मात्र कथाको आरम्भ भएको मानिन्छ । यसरी लोक कथालाई आधार भूमिका रूपमा मान्न सकिन्छ । यसरी लोक कथाको इतिहास निकै लामो समय देखिन्छ । यसरी जुन कथालाई वास्तविक कथा भनिन्छ । सो कथा प्रकृतिको उत्पत्ति भए देखि प्राचिन

कथात्मक रचनाबाट चाँहि भएको होइन नेपाली साहित्यमा आधुनिक कथा आउनुपूर्व विकसित कथालाई लोक कथा भनिन्छ ।

यसरी सभ्यताको पहिलो बिहानीमा विना बन्धन स्वच्छन्द पन्छी सरि उन्मुक्त रहेको अवस्थामा मानिसले एक आपसमा आफ्ना मनका हर्ष, पीडा, दुःख, दर्द आदिलाई अभिव्यक्त गर्ने क्रममा लोक कथाको विकास भएको मानिन्छ ।

**(ख) आधुनिक कथा**

नेपाली कथा क्षेत्रमा मध्यकालीन भावुक आदर्शवादी प्रवृत्तिको पूर्ण परित्याग गरी नेपाली समाज, जीवन, परिवेश, परिस्थितिलाई आत्मसात् गर्ने, नयाँ मूल्य र मान्यता प्रदान गर्ने कथालाई आधुनिक कथा भनिन्छ । सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक परिस्थितिको प्रभाव स्वरूप देशका चेतनशील किंवा, बौद्धिक एवम् संवेदनशील व्यक्तिहरू तयार पारेको मांनसिकताबाट अभिव्यक्त भएको भावना वा विचारलाई नै आधुनिक कथाको अवधारणा मानिन्छ । आधुनिक कथामा संरचनात्मक परिपुष्टता, शुद्ध गद्यात्मक, प्रस्तुति, नवीन शिल्प र समसामयिक समस्या अभिव्यक्त गर्ने परम्परा भित्रिएको पाइन्छ । आधुनिक कथामा भौतिक किंवा बाह्य नभएर आन्तरिक हुन्छ । आधुनिक कथामा कथानकको उचित संयोजन, परिच्छेदको सहाउँदो विभाजन, सजीव चरित्रको जीवन्त प्रस्तुति, पात्रानुकूल भाषाको प्रयोग, आदर्शोन्मुखी भए पनि यथार्थवादी स्वर, कथानक विकासमा सघनता र कथाका आवश्यक उपकरणहरूको उचित संयोजन हुने गरेको पाइन्छ ।

**(ग) पौराणिक कथा**

पौराणिक कथा भन्नाले वेद, उपनिषद्, पुराण, रामायण, महाभारत आदिग्रन्थलाई आधारभूमि मानिन्छ । यसमा धर्मसँग सम्बन्धित पात्र वा घटनाको आधारमा प्रस्तुत गरिने कथालाई पौराणिक कथा मानिन्छ । पौराणिक कथाहरूले मूलतः धर्मप्रति निष्ठाभाव उत्पन्न गराउनुको साथै प्राचीन संस्कृति र सभ्यताबारे अप्रत्यक्ष रूपमा ज्ञान गराउँछ । यसरी यस अन्तर्गत धर्म शास्त्रसँग सम्बन्धित पात्र वा

घटनाको प्रस्तुति हुने कथालाई पौराणिक कथा भनिन्छ । यसरी पौराणिक कथा विशेष गरी धर्मलाई केन्द्रविन्दु बनाएर लेखकहरूले पाठकवर्गको आस्थालाई सुदृढ तुल्याउन खोजेको हुन्छ ।

**(घ) ऐतिहासिक कथा**

ऐतिहासिक कथा कुनै समयावधि, काल खण्डमा घटित घटनाको पृष्ठभूमिमा संरचित कथालाई ऐतिहासिक कथा भनिन्छ । ऐतिहासिक कथाले वीर पुरूष वा ऐतिहासिक पुरूषको व्यक्तित्त्व र ऐतिहासिक घटनाको स्मरण गराउन मद्दत गर्दछ । आफ्नो देश राष्ट्रियता र देश भक्तिपूर्ण भावना पाठकमा सञ्चार गराउन ऐतिहासिक कथाले महत्त्वपूर्ण भूमिका खेल्दछ । ऐतिहासिक कथा इतिहाससँग प्रसिद्धि प्रप्त हुन्छ । त्यसैले यसले राष्ट्र, अन्तर्राष्ट्रिय प्राचीन संस्कृति सभ्यतालाई उजागर गराउँछ । त्यसै यस्ता कथामा सामाजिक क्षेत्रका व्याप्त अन्याय, अत्याचार, शोषण र असमानताको मूल कारण सामन्ती र पुँजीवादी अर्थव्यवस्था ठहऱ्याएको हुन्छ ।

**(ङ) नीति कथा**

नीति कथा भन्नाले बौद्धिकता, चातुर्यता आदिलाई आधार बनाइ संरचित कथालाई नीति कथा भनिन्छ । यसमा मानव जीवनको अस्तित्व, असङ्गति, निस्सार निराशालाई अभिव्यक्त गर्ने गर्दछ । यसमा कुनै घटनाको वर्णन गर्नुभन्दा त्यस घटनाले पात्र कथाकारको मनमा पार्ने प्रभावको सुक्ष्म चित्रण गर्ने, सङ्कीर्ण विचार, सामाजिक, नैतिक खराबीको विद्रोह र पुरानो ढाँचाको समाजको अन्त्य गरी युगानुकूल नयाँ समाजको निर्माण गर्ने, पात्रविशेषका चरित्र, वत्ति, स्वरूप आदिको सुक्ष्म अध्ययन गरी मानिसभित्रका सुषुप्त बर्बर अनुहारलाई नङ्ग्याउनुका साथै मानिसभित्रका कमजोरी, विकृत रूप र घृणित अनुहारको उद्घाटन गर्ने मानिसमा भएको नैतिकताको ह्रास आदि प्रवृत्तिहरू नीति कथा अन्तर्गत पदएछन् ।

कक्षा ५ को 'मेरो नेपाली किताब' मा कथा विधा अन्तर्गत पर्ने लोक कथा, आधुनिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा र नीति कथाहरू रहेका छन् । जुन निम्नानुसार तल उल्लेख गरिएका छन् :

(१) लोक कथा

यस अन्तर्गत 'कर्मको फल' र 'आखाँको ज्योति' रहेका छन् ।

(२) आधुनिक कथा

यस अन्तर्गत 'प्रेरणा' कथा रहेको छ ।

(३) पौराणिक कथा

यस अन्तर्गत 'सबैभन्दा ठूला भक्त' कथा रहेको छ ।

(४) ऐतिहासिक कथा

यस अन्तर्गत 'अनौठा प्रश्न' कथा रहेको छ ।

(५) नीति कथा

यस अन्तर्गत 'पश्चात्ताप' कथा रहेको छ ।

यस प्रकारका ६ वटा कथाहरू कक्षा ५ को मेरो नेपाली किताबमा समावेश गरिएका छन् । समग्र विधाहरूका तुलनामा कथा विधा अन्तर्गत ६ वटा मध्ये ५ वटा कथा राख्नु उचित देखिन्छ ।

प्राथमिक तहको पाठ्यक्रम २०६५ ले यो तहका लागि विधागत क्षेत्र र क्रमको तालिका नै प्रस्तुत गरेको छ । पाठ्यक्रममा गद्य, पद्य, रूपक र भाषा तत्त्वलाई विधा अन्तर्गत राखिएको पाइन्छ । चिठ्ठीलाई उपविधामा राखिएको छ । त्यस्तै रूपकमा संवाद, वादविवाद, र मनोवाद तथा पद्यमा विभिन्न किसिमका कविता राख्ने प्रबन्ध मिलाएका छन् । भाषा तत्त्व अन्तर्गत काल, पक्ष, भाव, वाच्य परिवर्तन, शब्द वर्ग, लेख्य चिन्ह र वर्ण विन्यास आदि राखिएको र स्तरण मिलाउन प्रयास गरिएको पाइन्छ । तसर्थ यस तहको पाठ्यक्रम व्यवस्थित देखिन पुगेको छ ।

कक्षा छ को नेपाली भाषा पाठ्यक्रमका आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा निकालिएको 'मेरो नेपाली किताब' ५ निर्माणगरी अनिवार्य पाठ्यपुस्तकका रूपमा लागु गरिएको छ । यहीँ सन्दर्भमा यी कथाहरू कक्षा ५ को नेपाली भाषा पाठ्यक्रमका आधारमा तयार भएर राखिएका छन् ⁄छैनन् र भाषाका चारै सिपको विकास गर्न कथाहरू सक्षम भए ⁄नभएको विद्यार्थीहरूको रुचि र स्तर अनुरूप कथाहरू भए⁄नइको आदि कुरा केन्द्रित भइ यो शोध अध्ययन गरिएको छ ।

## ४.२ निष्कर्ष

- पाठ्य पुस्तकमा दिइएका कथाहरू पाठ्यक्रमद्वारा निर्दिष्ट विधा भन्दा बाहिर गएका छैनन् । त्यसैले पाठ्यपुस्तकमा पाठ्यक्रमसँग तादात्म्यता राख्न सकिन्छ । तैपनि एउटै क्षेत्रका दुई वटा कथाहरू समावेश गरिएका हुनाले विद्यार्थीहरू अरु क्षेत्रमा बढी समय दिनबाट वञ्चित भएको देखिन्छ ।
- पाठ्य पुस्तकमा राखिएका पाठ्य विषयहरू छनौट र स्तरणका दृष्टिले उपयुक्त हुनु पर्दछ । भाषा पाठ्यपुस्तकमा विविध विधाहरूमा विभिन्न क्षेत्रबाट विषयवस्तुहरू छनौट गर्नु पर्छ । नेपाली विषयमा राखिएका कथाहरूको छनौटमा यी कुराहरूलाई ध्यान दिइएको छैन । पाठ्य विषयको स्तरण गर्दा सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर उन्मुख गराउनु पर्छ । शब्द, वाक्य र पाठको लम्बाइलाई ध्यानमा राखेर समावेश गरिएका कथाहरू कतिपय अत्यधिक लामा र कुनै कथाहरू धेरै छोटा देखिन्छन् ।
- कथाहरूमा संरचना पक्षले महत्त्वपूर्ण स्थान ओगटने हुनाले यसलाई ध्यान दिनु आवश्यक हुन्छ । यहाँ प्रयुक्त कथाहरूमा संरचना पक्षलाई जोड नदिइएको देखिन्छ । आदि भागमा कथाको वीजारोपण हुन्छ । कथा कस्तो छ भन्ने कुरा प्रारम्भमा नै थाहा हुन्छ । प्रारम्भ भागमा परिचयलाई मात्र जोड दिएर घटना पक्षलाई गौण राखिएको वा घटनाको संकेत आदि भागमा लुप्त हुँदा कथा विद्यार्थीहरूले चाख मानेर पढ्छन् तर त्यस किसिमका कथाहरू यहाँ केहि मात्रामा रहेका पाइन्छ । मध्य भागमा कथा वर्णनात्मक रूपले मात्र अघिबढेको छ । सबै

कथामा कौतूहल पक्षलाई भित्रै देखि जगाउन सकिएको छैन । अन्त्य भागमा कथा चरमोत्कर्षमा पुगेर निष्कर्षमा पुग्नु पर्ने हो तर केहि जसो कथाले चरमोत्कर्षलाई भन्दा निष्कर्षलाई नै जोड दिइएका छन् ।

- प्राथमिक तहमा कथा शिक्षणको औचित्य भाषिक सिपको विकास गर्नु हो । भाषिक सिप वृद्धि गर्न सरल शब्द, वाक्य र प्रशस्त उखान टुक्काहरूको प्रयोग गरिएको हुनु पर्छ तर यसमा समावेश गरिएका कथाहरूमा प्रयोग भएका कतिपय शब्दहरू विद्यार्थीहरूको स्तर सुहाउँदा छैनन् । कथाका अन्त्यमा सीमित मात्रामा उखान टुक्काको प्रयोग नगरिएको हुनाले कथाको माध्यमबाट जति मात्रामा सिकाउन सकिने भाषिक सिप सिकाउन सम्भव नभएको देखिन्छ ।
- कथाको शुरुमा नै कथाकारको परिचय र कथाले दिन खोजेको सन्देशको वारेमा जानकारी दिंदा विद्यार्थीहरू पहिला नै उक्त कथाबारे परिचित हुन्छन् र कथा पढ्न सजिलो हुन्छ तर यहाँ प्रयुक्त कथाहरूमा यी सबै कुराहरूलाई मध्यनजर नगरी तयार गरिएको छ ।
- नयाँ शब्दहरूको प्रयोग गरिएको आधारमा हेर्दा सामान्य शब्दहरूको प्रयोग कक्षा ५ को मेरो नेपाली किताबमा प्रयोग भएका छन् तर थोरै जसो प्राविधिक र वैज्ञानिक शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

## ४.३ सुझावहरू

- पाठ्यक्रम अनुरूप बनाउनका लागि पाठ्यपुस्तकमा सुनाइ/बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू थप्नु पर्छ ।
- कथाको शुरुमा कथाको सारसँग सम्बन्धित प्रश्न राखेर विद्यार्थीको कथा पढ्नु अघिको धारणा बुझ्न सकिन्छ । यसो गर्नाले कथाले विद्यार्थीको धारणामा कति परिवर्तन गर्न सफल भयो जाँच्न सकिन्छ ।
- कथामा संरचना पक्षको महत्त्वपूर्ण स्थान हुने हुँदा साहित्यिक र साहित्येतर कथामा पनि संरचनाभित्र आदि, मध्य र अन्त्यको ख्याल गर्नु पर्दछ । कथा शिक्षण मौखिक, लिखित अभिव्यक्ति घटनाक्रमलाई सिलसिला मिलाएर भन्ने

लेख्ने गरिन्छ । संरचना पक्ष राम्रो भएको खण्डमा विद्यार्थीहरूले रुचि लिएर पढ्छन् ।

- पाठमा भएका कठिन शब्दको अर्थसँगै त्यसको समानार्थी अर्थ पनि दिइनु पर्छ । साथै कठिन शब्दहरूको अर्थ पाठको शुरुमा नै दिएमा विद्यार्थीहरूलाई पाठ बुझ्न सजिलो हुन्थ्यो ।
- कथाको लम्बाइ समानुपातिक हुनु पर्छ । हालका कथाहरू कुनै अति लामा र कुनै ज्यादै छोटा भएकाले एकरुपता भएको देखिदैन । कथाहरूमा प्रयोग भएका शब्द, वाक्य र अनुच्छेद विद्यार्थीको स्तर अनुसारको हुनु पर्दछ ।
- पाठ्यपुस्तकमा राखिएका व्याकरणहरू पाठसँग सम्बन्धित हुनु पर्छ । जुन शीर्षकमा व्याकरण शिक्षण गरिन्छ त्यसैसँग सम्बन्धित अभ्यास मात्र गराइनु पर्छ । व्याकरणलाई भाषिक सिपसँग सम्बद्ध गराइनु पर्छ ।
- पाठ्य वस्तुको छनौट र स्तरण विद्यार्थीको रुचि, स्तर आवश्यकता, मातृभाषाको प्रभाव आदिलाई ध्यान दिएर गर्नु पर्दछ ।
- पाठ्य वस्तुमा उचित उखान टुक्काको प्रयोग गर्नुका साथै वाक्यमा प्रयोग गर्ने अभ्यासहरू दिइनु पर्दछ ।
- कथाहरू छनौट गर्दा एउटै क्षेत्रको कथा नदोहोरि विभिन्न क्षेत्रसँग सम्बन्धित कथाहरू समावेश गरिनु पर्छ ।
- पाठको शुरु भागमा कथाकारको परिचय, कथात्मक विशेषता र कृतिहरू उल्लेख गरिनु पर्छ ।
- विभिन्न नयाँ शब्दहरूको जानकारीका लागि शब्दकोशको प्रयोगमा जोड दिनुपर्छ ।
- पाठ्यपुस्तकमा प्रयोग भएको कागज उच्च स्तरको हुनुका साथै अक्षरहरू सफा,
- स्पष्ट र आकर्षक हुनु पर्छ । कथाहरूमा प्रयुक्त चित्रहरू आकर्षक र रङ्गीन हुनु पर्छ ।

## ४.४ शैक्षिक प्रयोजन

(१) यस विश्लेषणात्मक अध्ययनले प्राथमिक तहका भाषा पाठ्यपुस्तक एंव पाठ्य सामग्रीहरू निर्माण गर्दा पाठ्यक्रम अनुरूप बनाउन सचेत गराउने छ ।

(२) यस विश्लेषणात्मक अध्ययनले पाठ्य सामग्रीहरू विद्यार्थीहरूको रुचि र स्तर अनुरूप भए नभएको पहिचान गरी स्तर अनुकूलता अपनाउनुपर्ने आवश्यकता बोध गराउने छ ।

(३) यस विश्लेषणात्मक अध्ययनले कथा विधामा रहेका कमी कमजोरीहरू पहिल्याइ तिनको निराकरण गर्न सहयोग पुग्ने छ ।

(४) यस विश्लेषणात्मक अध्ययनले भाषा परिष्कारका साथै स्वस्थ, मनोरञ्जन, विषय बोध, अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकास गर्न सहयोग पुऱ्याउँदछ ।

(५) यस विश्लेषणात्मक अध्ययनले अनुशासन कायम गर्न, नैतिक उपदेश दिन, चरित्र निर्माण गर्न र सिर्जना शक्ति बढाउन पनि निकै मद्दत मिल्दछ ।

## ४.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत अध्ययनका क्रममा अनुभव गरिएका अध्ययन हुन बाँकी रहेका तथा यस अध्ययनमा गर्न नसकिएका अनुसन्धानका केही भावी शीर्षकहरू निम्न बुँदाहरूमा दिइएको छ :

(१) विभिन्न भाषा पाठ्यपुस्तकका सम्बन्धित रही छनौट र स्तरणका आधारमा पाठ्य वस्तुको अध्ययन

(२) कक्षा १देखि ५ सम्ममा नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणत्मक अध्ययन

(३) कक्षा ६ देखि १० सम्ममा नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन

(४) प्राथमिक र निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन

(५) कक्षा ७ र ८ को नेपालीपाठ्यपुस्तकहरूको छनौट र स्तर अनुरूपताको अध्ययन

(६) नेपाली र दास्रो भाषी विद्यार्थीहरूको सापेक्षतामा कक्षा ५ को नेपाली किताबको विश्लेषणात्मक अध्ययन

# सन्दर्भग्रन्थ सूची

## पुस्तक

अधिकारी, विष्णुप्रसाद (२०६४), **अध्यापन अनुमति पत्र,** काठमाडौँ : आशिष पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६३), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५०), **नेपाली भाषा शिक्षा,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल,माधवप्रसाद (२०५७), **अभ्यास शिक्षण : सिद्धान्त र प्रयोग,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२), **नेपाली कथा र उपन्यास,** काठमाडौँ : ए.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

पराजुली, ठाकुर र अरू (२०६७), **सबैको नेपाली,** ललितपुर : साझा प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), **कक्षा ५ को मेरो नेपाली किताब,** भक्तपुर : सानो ठिमी ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.)(२०४०), **नेपाली वृहत शब्दकोश,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

पौड्याल, कृष्णविलास (२०६३), **नेपाली गद्य र नाटक,** काठमाडौँ : नवीन प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अरू (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

लम्साल, रामचन्द्र र अन्य (२०६३), **नेपाली भाषा र साहित्य,** काठमाडौँ : सनलाइट पब्लिकेशन ।

लामिछाने, यादवप्रकाश (२०६७), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्यशिक्षण,** कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०५२), **शोध विधि,** काठमाडौँ : साझा प्रकाशन ।

**पत्रपत्रिका**

आचार्य, माधवप्रसाद (२०६४), 'भाषा शिक्षणमा नमुना अभ्यासको भूमिका', **सम्प्रेषण,** वर्ष ४, अङ्क ४, सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

आचार्य, सुषमा (२०६५), 'नारीका संवाहक-विश्वेश्वरप्रसाद कोइराला', **सम्प्रेषण,** वर्ष ५, अङ्क ५, सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

पौडेल, राजेन्द्रप्रसाद (२०६६), 'पाठ्य पुस्तक लेखन र निर्माण : सिद्धान्त र प्रक्रिया', **सम्प्रेषण,** वर्ष ६, अङ्क ६, सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

भुसाल, गुणाकर (२०६२), **इन्द्रेणी,** काठमाडौँ : क्षितिज प्रकाशन ।

लम्साल, रामचन्द्र (२०६७), 'अनुसन्धान प्रतिवेदन लेखन', **पृथ्वीदर्पण,** वर्ष १, अङ्क १, नेपाली शिक्षा विभाग, पृ.ना.क्या., पोखरा ।

शर्मा केदारप्रसाद (२०६४), 'भाषिक अनुसन्धानमा साङ्ख्यिकी : परिचय र प्रयोजन', **सम्प्रेषण,** वर्ष ४, अङ्क ४, सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुर ।

**शोधपत्रहरू**

अधिकारी, गोविन्दप्रसाद (२०५५), **कक्षा ६ को हाम्रो नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथा विधाका पाठहरूको विश्लेषणात्मक अध्ययन,**अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

गड्तौला, शान्ति (२०६८), **कक्षा ९ र १० को मेरो नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन,**अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

पोखरेल, अस्मिता (२०६६), **कास्की जिल्लाका कक्षा ५मा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,** त्रि.वि., शिक्षा शास्त्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, टीकादत्त (२०५५), **माध्यमिक तहको नेपाली पाठ्य पुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन,**अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

बोहरा, हर्कबहादुर (२०६७), **कक्षा ६ र ७ का हाम्रो नेपाली पाठ्य पुस्तकमा कथाहरूको तुलनात्मक अध्ययन,**अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

सुवेदी, उर्मिला (२०६६), **कक्षा ८ को नेपाली पाठ्य पुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन,**अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।